# अध्याय एक

# शोध परिचय

### १.१. शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक कक्षा **नौमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन** रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोध-पत्रको त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभागको स्नातकोत्तर तह (एम्.एड्) दोस्रो वर्ष नेपाशि. ५९८ को पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३ समस्याकथन

भाषा विचार विनिमयको माध्यम भएकाले विचार विनिमयको आदान-प्रदान भाषाबाट नै गरिन्छ । यस्तो आदान-प्रदानको प्रक्रियामा भाषिक सीपहरु संलग्न भएका हुन्छन् । लेख्य भाषामा गरिने अभिव्यक्ति लिखित अभिव्यक्ति हो । त्यसमध्येमा अभिव्यक्तिको प्रौढ र परिपक्व रुप लेखाइ सीप हो । लिखित अभिव्यक्तिको सबभन्दा सानो एकाइ वाक्य  हो । त्यसैले लिखित अभिव्यक्ति गर्दा शुद्ध वाक्यको प्रयोग गर्नमा पनि ध्यान पुर्‍याउनु पर्दछ । लेखाइ सीपलाई अभिव्यक्तिको महत्वपूर्ण आधार मानिन्छ । यसअन्तर्गत विद्यालयमा विद्यार्थीहरुलाई विभिन्न प्रकारका चिठी तथा निवेदन लेख्न लगाएर लेखाइ सीपको विकास गराउनु पनि प्रमुख उद्देश्य रहन्छ । टाढा बसेका कुनै आफन्त वा परिचित व्यक्तिलाई सम्बोधन गरी हुलाकमार्फत वा कुनै व्यक्तिमार्फत पठाइने त्यस्तो लिखित अभिव्यक्ति चिठी हो । जसमा चिठी लेख्ने (प्रेषक) व्यक्तिले आफ्ना भलाकुसारी र हालखबर लेख्नुका साथै पत्र पाउने (प्रापक) व्यक्तिका भलाकुसारी र हालखबर के-कस्ता छन् ? भनी सोधिएको हुन्छ । त्यसैगरी कुनै कार्यालयले कुनै संघ/संस्था वा व्यक्तिलाई सम्बोधन गरी पठाउने लिखित पत्र, परिपत्र, सूचना आदि पनि चिठी नै हुन् । यद्यपि यस्ता चिठीहरु निवेदनका रुपमा चिनिन्छन् । कुनै व्यक्तिले कुनै संस्था वा विशिष्ट व्यक्तिका नाममा लेखेको निवेदन पत्रलाई पनि चिठी नै भनिन्छ । चिठीलाई पत्र पनि भनिन्छ । यस्ता चिठी वा पत्रका निम्ति खाम

पनि चाहिन्छ । त्यस खामको बाहिर बायाँपट्टि चिठी पठाउने वा प्रेषकको र दायाँपट्टि चिठी पाउने वा प्रापकको पूरा नाम, ठेगाना प्रष्ट रुपमा लेखिन्छ । चिठीमा प्रयोग गरिने भाषाशैलीका आधारमा चिठीलाई सामान्य चिठी र साहित्यिक चिठी गरी दुई प्रकारमा हेरिए तापनि चिठी पठाउने-पाउनेका बीचमा रहने सम्बन्ध, कार्य र आवश्यकता आदिका आधारमा चिठीलाई सामान्यतया निम्न प्रकारले अध्ययन गर्ने परम्परा रहिआएको छ ।

(क) घरायसी चिठी

(ख) कार्यालयीय चिठी

(ग) व्यवसायिक चिठी

चिठी लेखन पनि लेखाइ सीप विकासको महत्वपूर्ण आधार हो । बालबालिकाहरुलाई प्रारम्भिक कक्षाहरुमा विभिन्न प्रकारका चिठी लेख्न लगाएर लेखाइ सीपको विकास गराउने प्रयत्न गरिन्छ । शिक्षालयहरुमा विभिन्न तहका नेपाली विषयका पाठ्यक्रमहरुले चिठीलेखन शिक्षणसम्बन्धी पाठ्यवस्तु छनौट गरी स्तरण गरिएको तथ्यले यसको महत्व स्पष्ट हुन्छ । यसरी शैक्षणिक पाठ्यक्रमहरुले चिठी लेखन तथा निवेदन लेखनसम्बन्धी पाठ्यवस्तुलाई छनौट गरी स्तरण गरिएको तथ्यले यसको महत्व अझ स्पष्ट हुन्छ । यसरी शैक्षणिक पाठ्यक्रमहरुले चिठीलेखन तथा निवेदन लेखनसम्बन्धी पाठ्यवस्तुलाई महत्व दिइरहेको परिप्रेक्ष्यमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुमा केन्द्रित रहेर अध्ययन-अनुसन्धान गर्ने उद्देश्यले प्रस्तुत शीर्षकसँग सम्बन्धित समस्याहरुलाई निम्नानुसार देखाइएको छ :

(क) कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमता कस्तो छ ?

(ख) सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा चिठी तथा निवेदन लेखन क्षमताको स्थिति कस्तो छ ?

(ग) भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र दोस्रो नेपाली भाषी विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको स्थिति के-कस्तो छ ?

(घ) कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुमा चिठी तथा निवेदन लेखनसम्बन्धी के-कस्ता कमी-कमजोरीहरु रहेका छन् ?

(ङ) चिठी तथा निवेदन लेखन क्षमताका लागि के-कस्ता सुझावहरु हुन सक्छन् ?

(च) छात्रा र छात्र चिठी तथा निवेदन लेखनक्षमताको तुलनात्मक स्थिति कस्तो छ ?

### १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन निम्नलिखित उद्देश्यहरुमा केन्द्रित रहेको छ :

(क) सरकारी र निजी विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको स्थिति पहिल्याउनु,

(ख) भाषिक पृष्ठभूमिका आधारमा मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरुको चिठी तथा निवेदनलेखन क्षमताको स्थिति पहिल्याउनु,

(ग) उक्त विद्यार्थीहरुमा चिठी तथा निवेदन लेखनसम्बन्धी कमीकमजोरी पहिचान गर्नु,

(घ) उक्त कमीकमजोरीको निराकरण गर्न आवश्यक सुझाव दिनु ।

### १.५ पूर्वकार्य समीक्षा

कुनैपनि अनुसन्धान गर्नुभन्दा अगाडि त्यस विषयसँग सम्बन्धित पहिले नै भैसकेका खोज-अनुसन्धान कार्यहरुको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको अध्ययन र अनुभवले वर्तमानमा गर्न लागिएको अनुसन्धानलाई गतिशील बनाउन मद्दत गर्दछ । वर्तमानलाई विगतको समयले दिशाबोध गर्ने भएको हुँदा आफूले गर्दै गरेको अनुसन्धानलाई उद्देश्यमूलक बनाइ सही मार्गमा हिंडाउन प्रत्यक्ष-अप्रत्यक्ष रुपमा सम्बन्धित पूर्वअध्ययनहरुको विशेष महत्व रहन्छ । सबै अनुसन्धानहरु पूर्वअनुसन्धानहरुसम्बद्ध अनुसन्धानसँग मेल नखान सक्छ । कुनैपनि अनुसन्धान पहिलो अनुसन्धेय पनि हुन सक्छ । प्रस्तुत कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदनलेखन क्षमताको अध्ययन शीर्षकसँग सम्बन्धित पूर्वअनुसन्धान हालसम्म नभएको ठहर छ । लेखाइसँग सम्बन्धित शीर्षकमा विभिन्न अनुसन्धान भएपनि त्रुटिविश्लेषण, चिह्न प्रयोगजस्ता क्षेत्रहरुमा अध्ययन सीमित गरिएको छ । हालसम्म भएका अध्ययनहरुमा चिठी विधा शिक्षण तथा चिठीलेखन शिक्षणजस्ता लेखाइ सीपहरुसँग सम्बन्धित पक्षका बारेमा सम्बोधन गरिएको छैन । त्यसैले अनुसन्धानका लागि प्रस्तुत कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुका लागि प्रस्तुत कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको चिठीलेखन क्षमताको अध्ययन शीर्षक उपयुक्त र सान्दर्भिक ठानिएको छ । यस शीर्षकसँग सम्बन्धित अनुसन्धानहरु नभए पनि लेखन सीपसँग

सम्बन्धित केही शोधकार्यहरु यस अनुसन्धानमा विभिन्न किसिमका जानकारीहरु उपलब्ध गराउन सहयोग हुने पाठ्यसामग्रीहरुबाट प्राप्त निष्कर्षलाई समेत यहाँ पूर्वकार्यको अध्ययन-अनुसन्धानका रुपमा प्रस्तुत गर्नु सान्दर्भिक देखिएको छ । त्यसैले यस शोधकार्यसँग सम्बन्धित विभिन्न व्यक्तिहरुद्वारा तयार पारिएको पाठ्यसामग्रीहरु र शोधकार्यहरुलाई यहाँ उल्लेख गरिएको छ ।

(क) हेमाङ्गराज अधिकारीद्वारा लिखित नेपाली भाषा (२०५०) शीर्षकको पुस्तकमा भाषा शिक्षणसम्बन्धी विभिन्न पक्षहरुको चर्चा गर्ने क्रममा लेखाइ शिक्षणसम्बन्धी कार्यकलापहरु, लेखाइ शुद्धीकरण, अभ्यास तथा निर्देशित लेखन, स्वतन्त्र तथा सिर्जनात्मक लेखन आदिका बारेमा चर्चा गरिएको छ ।

(ख) रामचन्द्र लम्साल र अन्य चारजना विद्वानहरुको सहलेखनमा तयार पारिएको नेपाली भाषा शिक्षण (२०६३) शीर्षकको पुस्तकमा लिखित अभिव्यक्ति शिक्षणका कार्यकलापहरुबारे चर्चा गरिएको छ ।

(ग) हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्माको सहलेखनमा तयार पारिएको 'प्रारम्भिक नेपाली शिक्षण' (२०६४) शीर्षक पुस्तकमा पनि लेखाइ शिक्षणअन्तर्गत लेखाइ शिक्षणको आवश्यकता, प्रारम्भिक तहमा लेखाइ शिक्षकणका कार्यकलापहरु निर्देशित, स्वतन्त्र र सिर्जनात्मक लेखाइको शुद्धीकरण र पुनरावृत्तिजस्ता शीर्षकहरुमा चर्चा गरिएको छ ।

त्यस्तै गरी पाठ्यपुस्तकका अतिरिक्त लिखित विषयमा अध्ययनरत अनुसन्धानहरु पनि भएका छन् । ती निम्नानुसार रहेका छन् :

(क) रणबहादुर दौल्यालको 'कञ्चनपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको निबन्धलेखन क्षमताको अध्ययन' (२०६४) शीर्षक शोधपत्रमा विद्यार्थीको निबन्धलेखन क्षमताको अध्ययन गरी सरकारी विद्यालयका विद्यार्थीहरुका तुलनामा निजी विद्यालयका विद्यार्थीहरुको लेखनक्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ ।

(ख) बुलबुला त्रिताल (२०६६) को शोधपत्रमा लेखनसीप अन्तर्गतकै महत्वपूर्ण तथा चिठी लेखन अर्थात् अभिव्यक्ति क्षमताको अध्ययन गरिएको छ । यसमा मुख्यतः

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखनक्षमतालाई अध्ययनको विषयवस्तु बनाइएको छ ।

यसमा पनि भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरुबीच तुलना गर्दा दोस्रोभाषी विद्यार्थीहरु मातृभाषीका तुलनामा अनुच्छेदलेखनमा केही कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

यसरी विभिन्न पाठ्यपुस्तकका अतिरिक्त शोधपत्रहरुलाई समेत हेर्दा लेखक तथा शोधार्थीहरुले नेपाली भाषा शिक्षणअन्तर्गत लेखाइ सीपको विकासका बारेमा सङ्केतात्मक र सूचनात्मक रुपमा अध्ययन-अनुसन्धान गरेपनि चिठी लेखन तथा प्रस्तुत कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको चिठीलेखन क्षमताको अध्ययन गरिएको नपाइएकाले प्रस्तुत अध्ययन सान्दर्भिक देखिन्छ । यस अध्ययनमा विद्यार्थीहरुमा चिठीलेखनका माध्यमबाट स्वतन्त्र तथा सिर्जनात्मक लेखनसम्बन्धी क्षमताको पहिचान गरी उक्त कार्यकलाप गराउँदा विद्यार्थीहरुले गर्ने कमीकमजोरीहरुको समेत पहिचान गरिएको छ । त्यसको सुधारका लागि आवश्यक सुझावहरु समेत प्रस्तुत गरिएको छ । जसले गर्दा यो शोधकार्यको उपयोग अधिकाधिक मात्रा हुने देखिन्छ ।

पूर्वकार्यको समीक्षा गर्दा यस शोधमा उल्लेखित प्राप्त सामग्रीहरुमा सीमित रही समीक्षा गर्ने प्रयत्न भएको छ । उपर्युक्त पूर्वकार्यको समीक्षाबाट हालसम्म लेखाइ शिक्षणसम्बन्धी कार्यकलापहरु लेखाइको शुद्धीकरण, आभ्यासिक तथा निर्देशित लेखन, स्वतन्त्र लेखन, सिर्जनात्मक लेखनको मात्र अध्ययन भएको देखिन्छ । प्रस्तुत शोधपत्रमा उल्लेखित शीर्षकअन्तर्गतका समस्याहरुको समाधानतर्फ कुनै ठोस अनुसन्धान भएको पाइँदैन । यसर्थ पूर्वकार्यले समेट्न नसकेको र यस शोधपत्रमा उल्लेखित समस्याहरुको समाधानार्थ उपर्युक्त शोधशीर्षक चयन गरिएको हो ।

### १.६ अनुसन्धानको औचित्य

कुनैपनि विषयवस्तुको आफ्नै महत्व तथा औचित्य हुन्छ । त्यसैले लेखाइ सीपको विकासका लागि प्रमुख क्रियाकलापको रुपमा रहेको चिठी तथा निवेदन लेखन प्रक्रियामा पनि आफ्नै किसिमको महत्व रहेको छ । कुनैपनि आवश्यक तथा समसामयिक विषयमा केन्द्रित रहेर वा व्यक्तिले आफ्नो भलाकुसारी, हालखबर र कुनै संस्था वा कार्यालयलाई सम्बोधन गरी आफ्ना अनुभव तथा ज्ञानलाई अभिव्यक्त गर्न

चिठी तथा निवेदनलेखन कार्यकलापले सहयोग गर्दछ । चिठी तथा निवेदनलेखन आफैंमा एउटा गहन लेखन सीप हो । टाढा बसेका कुनै आफन्त वा परिचित व्यक्तिलाई सम्बोधन गरी हुलाकमार्फत् पठाइने त्यस्तो लिखित अभिव्यक्ति चिठी हो वा कुनै व्यक्ति वा संस्थाले कसैलाई (व्यक्ति वा संस्था) लाई सम्बोधन गरेर भनी, सोधी वा अनुरोध गरी लिखित रुपमा पठाएको पत्र वा कागज नै चिठी वा निवेदन हो । चिठीका लागि खाम अति आवश्यक चिज हो । खामको बाहिर बायाँपट्टि चिठी पठाउने वा प्रेषकको र दायाँपट्टि चिठी पाउने वा प्रापकको पूरा नाम, ठेगाना प्रष्ट रुपमा लेखिन्छ ।

चिठीमा प्रयोग गरिने भाषाशैलीका आधारा चिठीलाई दुई प्रकारमा बाँडिएको देखिन्छ । कसैलाई सम्बोधन गरी सामान्य किसिमको भाषाशैलीमा आपसी व्यवहाको बारेमा लेखेर पठाएको पत्र सामान्य चिठी हो । यस्तो चिठीलाई व्यवहारिक चिठी पनि भनिन्छ । त्यसैगरी कुनै साहित्यकारले चिठीका ढाँचामा कसैलाई सम्बोधन गरी कुनै विषयको बारेमा आफ्ना भावनालाई सुन्दर, रोचक र प्रभावशाली भाषाशैलीमा प्रकट गरेको लेखाइ साहित्यिक चिठी हो । सामान्य वा व्यहारिक चिठी पठाउने र पाउने बीचका सम्बन्ध, कार्य, आवश्यकता आदिका आधारमा तीन किसिमका छन् ।

(क) घरायसी चिठी

कुनै आफन्त वा परिचित व्यक्तिलाई लेखिने चिठी घरायसी चिठी हो । घरायसी चिठीमा हालखबर भलाकुसारीको बारेमा लेखिन्छ (नेपाली व्यवहारिक व्याकरण र अभिव्यक्ति (२०५८) महादेव अवस्थी र ऋषिराम शर्मा, ०५८) ।

(ख) कार्यालयीय चिठी

कुनै व्यक्तिले कुनै कार्यालयीय वा संस्थालाई वा त्यसका प्रमुखलाई सम्बोधन गरी लेखिने चिठी कार्यालयीय चिठी वा निवेदन हो । यस्तो चिठीलाई निवेदन पत्र पनि भनिन्छ (महादेव अवस्थी र ऋषिराम शर्मा, ०५८) ।

(ग) व्यवसायिक चिठी

कुनै व्यवसायिक संस्थाले अर्को व्यवसायिक संस्थालाई लेख्ने चिठी व्यवसायिक चिठी वा हो । यस्ता व्यवसायिक चिठी वा पठाउने संस्थाको नाम, ठेगाना चिठी लेखिने कागजकै सिरानमा छापिएको हुने हँदा यस्ता चिठीमा प्रेषक संस्थाको अलग्गै ठेगाना लेख्नु पर्दैन (महादेव अवस्थीर ऋषिराम शर्मा, ०५८) ।

यिनै भाषिक अभिव्यक्तिहरुको श्रृङ्खलाबद्ध आँकलन गर्नु प्रस्तुत अध्ययनको महत्वपूर्ण पक्ष हो । भाषाका प्रमुख चार सीपहरुमध्ये लेखाइ सीपले लिखित अभिव्यक्तिको पक्षलाई अँगाल्छ । कुनैपनि व्यक्तिले आफूले व्यक्त गर्न खोजेका कुराहरु कसरी प्रस्तुतीकरण गर्दोरहेछ भन्ने कुरा बुझ्न लेखाइ पक्षको भाषिक क्षेत्रमा महत्वपूर्ण भूमिका रहन्छ । यसरी लेखनकलासम्बन्धी आवश्यक जानकारी लिन विद्यार्थीको क्षमताको अध्ययनबाट सरलता मिल्दछ । लेखाइसम्बन्धी ढंङ्ग ढाँचाको पहिचान गर्न निश्चित समय सीमा निर्धारित शीर्षकमा लेखिएको चिठी रचनालाई साङ्ख्यिकीय तथ्याङ्कका आधारमा अध्ययन विश्लेषण गर्दा विभिन्न समूहका विद्यार्थीहरुको लेखाइ क्षमता पहिचान गरी सोही आधारमा भाषिक सम्बद्ध पाठ्यांशहरुलाई पाठ्यपुस्तक निर्माणका क्रममा छनौट र स्तरण गर्न पृष्ठपोषण प्रदान गर्दछ । मूलतः सरकारी र निजी विद्यालयहरुमा कक्षागत स्तरअनुसार चिठीलाई समावेश गरी लेखन सीपको रुपमा अध्यापन गराइएको छ । तसर्थ नेपाली विषयका पाठ्यपुस्तकहरुमा चिठी लेखन प्रक्रियालाई जोड दिइएको छ । यसै परिप्रेक्ष्यमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन शीर्षकमा गरिएको प्रस्तुत अध्ययन अनुसन्धान माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको चिठीलेखन क्षमता पहिचान गरी सोही आधारमा कक्षा शिक्षणलाई अगाडि बढाउन (मद्दत) सरलता प्रदान गर्नेछ ।

सम्बन्धित तहका विद्यार्थीहरुको लेखाइसम्बन्धी प्रौढताको क्षमता पहिचान, वर्णविश्लेषण, विविध रुपमा पृथक-पृथक भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरुको चिठीलेखन क्षमता पहिचान गर्न प्रस्तुत अध्ययन मार्गदर्शक बन्नेछ । पहिचान गरिएको क्षमताका आधारमा आवश्यक सुझावहरु प्रस्तुत गरिएको हुँदा यसको महत्व अझ प्रष्ट भएको छ ।

हालसम्म कक्षा नौमा चिठी तथा निवेदन लेखनसम्बन्धी कुनै किसिमको अध्ययन-अनुसन्धान नभएको अवस्थामा प्रस्तुत अनुसन्धान-अध्ययनको औचित्य स्वतः औचित्यपूर्ण रहेको छ । एस.एल.सी. परीक्षासँग प्रत्यक्ष सम्बन्ध राख्ने माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको लेखन क्षमता पहिचान गरी आवश्यक परामर्श दिने प्रसङ्गले प्रस्तुत अध्ययनलाई परिभाषित गरिएको छ । यसर्थ प्रस्तुत अध्ययन-अनुसन्धानले भाषिक सीप विकास तथा भाषा शिक्षणको क्षेत्रमा उत्कृष्ट भूमिका निर्वाह गर्नेछ ।

समय विकासको गतिशीलतासँगै पाठ्यक्रम, पाठ्यसामग्री निर्माण, शिक्षण प्रक्रिया र पद्धतिमा परिमार्जन गर्दै लैजान तथा भाषिक क्षमतासम्बन्धी अध्ययन गर्न चाहने अध्येताहरुका लागि प्रस्तुत अध्ययन-अनुसन्धान मार्गदर्शक बन्नेछ ।

#### १.७ अध्ययनको सीमाङ्कन

जुनसुकै अध्ययन-अनुसन्धानको पनि क्षेत्र, परिवेश तथा सामग्री आदिको सम्भाव्यता अनुसन्धानको क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न कठिनाई हुने हँदा व्यापकता अनि गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । निश्चित सीमाङ्कन नगरिएमा अध्ययन-अनुसन्धानको गोरेटो विचलित हुन्छ । तसर्थ समग्र सिन्धुली जिल्लाका सम्पूर्ण विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुबाट सामग्री सङ्कलन गर्न गाह्रो, असम्भव र अव्यावहारिक पनि हुने भएको हुँदा निम्न विद्यालयहरु समावेश गरिएको छ ।

(क) श्री भविष्य निर्माता सिद्धबाबा उच्च माध्यमिक विद्यालय, पानीट्याङ्की

(ख) श्री माध्यमिक विद्यालय, गडौली

(ग) श्री सूर्योदय आवासीय माध्यमिक विद्यालय, रातमाटा

(घ) श्री सिद्धस्थली आवासीय उच्च माध्यमिक विद्यालय माडीबजार, सिन्धुली ।

प्रस्तुत शोधको क्षेत्र माथि उल्लिखित विद्यालयहरुका २५/२५ जना विद्यार्थीका दरले जम्मा १०० जना कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुमा मात्र केन्द्रित रहेको छ । अध्ययनको निष्कर्ष निर्धारित नमुना जनसङ्ख्याबाट प्राप्त तथ्यका आधारमा गरिएको साङ्ख्यिकीय तथ्याङ्क विश्लेषणमा मात्र सीमित रहेको छ ।

#### १.८ अध्ययन विधि

अनुसन्धान कार्यलाई व्यवस्थित र विश्वसनीय बनाउनका लागि अनुसन्धेय विषयसँग सम्बन्धित विधिले महत्वपूर्ण भूमिका खेल्दछ । प्रस्तुत अध्ययनको अनुसन्धान मुलतः क्षेत्रीय अध्ययन विधिमा आधारित रहेको छ । जसका लागि निम्न प्रक्रिया अबलम्वन गरिएको छ :

##### १.८.१ जनसङ्ख्या र प्रतिनिधि

प्रस्तुत अध्ययनका लागि समग्र सिन्धुली जिल्लाको प्रतिनिधित्व हुने गरी सरकारी र निजी क्षेत्रबाट सञ्चालित दुई-दुई ओटा विद्यालयबाट २५/२५ जना विद्यार्थीहरुका दरले जम्मा १०० जना विद्यार्थीहरुलाई प्रतिनिधि जनसङ्ख्याका रुपमा लिइएको छ ।

#### १.८.२ सामग्री निर्माण

प्रस्तुत अध्ययनका क्रममा सामग्री निर्माण गर्दा अध्ययनको उद्देश्य परिपूर्ति हुनेगरी प्राथमिक स्रोत र द्वितीय सामग्री स्रोत निर्माण गरी अनुसन्धान गरिएको छ । प्राथमिक स्रोत सामग्री निर्माण गर्ने क्रममा विद्यार्थीहरुको स्तरअनुकूल हुने गरी चिठीको विभिन्न शीर्षक दिई चिठी लेख्न लगाई उत्तरपुस्तिका सङ्कलन गरिएको छ । त्यस्तै द्वितीय स्रोतका रुपमा पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकहरु र अघिल्ला वर्षहरुका शोधपत्रहरुको खोजी गरी अध्ययन गरिएको छ ।

#### १.८.३ पूर्व परीक्षण

चिठी लेखनसम्बन्धी विद्यार्थीरुको स्तर सुहाउँदो कक्षाकोठामा नै चिठी र निवेदनमा दुई-दुई ओटा शीर्षक छनोट गराई विद्यार्थीहरुलाई चिठी र निवेदनलेखनसम्बन्धी नियमको जानकारी गराएर मात्र छनोट भएका शीर्षकहरुमा चिठी तथा निवेदन लेख्न लगाउने काम भएको छ ।

### १.८.४ सामग्री विश्लेषण

उपर्युक्त सामग्रीको विश्लेषणका निम्ति विद्यार्थीहरुको स्तरअनुसार तथ्याङ्कका आधारमा विद्यार्थीको चिठी तथा निवेदन लेखन क्षमताको पहिचान गरी व्याख्या विश्लेषण गरिएको छ । प्रश्नोत्तरलाई व्यक्तिमा परीक्षण गरी तालिकीकरण गरिएको छ ।

### १.९ शोधको रुपरेखा

| | |
|---|---|
| अध्याय एक | शोधको परिचय |
| अध्याय दुई | अध्ययनको सैद्धान्तिक आधार |
| अध्याय तीन | अनुसन्धान विधि |
| अध्याय चार | चिठी तथा निवेदन लेखन क्षमताको व्याख्या र विश्लेषण |
| अध्याय पाँच | तुलनात्मक विश्लेषण |
| अध्याय छ | विभिन्न समूहमा चिठी तथा निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति |
| अध्याय सात | निष्कर्ष र सुझाव |

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

# अध्याय दुई

# सैद्धान्तिक परिचय

२.१ चिठी तथा निवेदनको सैद्धान्तिक परिचय

२.१.१ पृष्ठभूमि

भाषा मानवीय विचार विनिमयको प्रमुख साधन हो । मानव विकाससँगै भाषाको पनि क्रमिक रुपमा विकास भएको पाइन्छ । सुरुमा उच्चार्य र कथ्य भाषाका रुपमा रहेको भाषा नै पछि आएर लिपिबद्ध हुन थालेको हो । समाज विकाससँगै भाषाको पनि विकास हुँदै आयो र क्रमशः स्तरीयता प्राप्त गर्न थाल्यो ।

जससँग बोलेर विचार विनिमय गर्न कठिन हुन्छ, त्यससँग लेखेर विचार विनिमय गर्न सकिन्छ । यसबाट लेखाइले बोलाइको अभिव्यक्तिगत सीमा वा परिधिबाट हुने कमीकमजोरीलाई हटाइदिन्छ भन्ने कुरा स्पष्ट हुन्छ । लेखाइमा अभिव्यक्तिकर्ताको अभिव्यक्ति देश र कालको सीमित घेराभित्र मात्र रहँदैन् । आफूले गरेका अनुभव एवम् ज्ञानसँग समय र स्थानको सीमाबद्धतामा रही अरुलाई भागीदार बनाउने माध्यम लेखाइ भएकाले विशेषतः शिक्षित वर्गमा बोलाइका साथै यसको महत्व अझ बढ्दै गएको छ । फेरि बोलाइ आफ्नो अनुभव एवम् विचारलाई अरुसमक्ष पुऱ्याउने माध्यम हो भने लेखाइको कार्य त्यति मात्रमा सीमित छैन । आफूले अनुभव तथा ज्ञान गरेका कुरालाई सम्झनाका लागि सञ्चित एवम् सङ्गठित राखी भविष्यमा आफ्ना र अरुका लागि उपयोगी बनाउन पनि यसलाई प्रयोगमा ल्याउन सकिन्छ (अधिकारी, नेपाशि. २०६३:११०) । यसरी लेखाइ सीप विकास र यसको महत्वलाई पूर्ण रुप दिनका लागि उपयोग गरिने अन्य विधाहरुको जुन स्थान छ त्यही स्थान चिठी तथा निवेदन लेखनको रहेको छ ।

आज सञ्चारका साधनहरुले विश्वलाई नै साँघुऱ्याएको छ । टेलिफोन, ग्रामोफोन, मोबाइल, इमेलआदि सञ्चारका साधनहरुको प्रयोगले चिठी तथा निवेदनको महत्वलाई केही मात्रामा घटाएकै छ । तर वैयक्तिक सन्तुष्टिका लागि पत्र मित्रता, कार्यालयीय तथा संघसंस्थासँग गरिने बढ्दो काम कार्यवाहीले गर्दा चिठी तथा निवेदनलेखनको महत्व झन बढ्दै गइरहेको यथार्थ घाम जत्तिकै छर्लङ्ग भएको छ । दिनप्रतिदिन खुल्दै गइरहेका संघसंस्थाहरुमा पनि चिठी तथा निवेदनबाटै काम कार्यवाही हुने गर्छ । टेलिफोनबाट हुने काम त छिटो र ढिलो गर्नका लागि मात्र हो ।

यसरी वर्षायाममा उम्रने च्याउँ झैं आज विश्वमा द्रुततर रुपमा संघसंस्था स्थापना हुँदै गइरहेका छन् । जसबाट लिइने सेवा र दिइने सेवा चिठी र निवेदनबाट मात्र सम्भव हुन्छ ।

प्राथमिक शिक्षाको अन्तमा हासिल हुने सिकाइ उपलब्धिअन्तर्गत भाषिक सीपमा लेखाइलाई चौथो स्थान दिइएको छ । यही लेखाइ सीपको महलभित्र नवौं सिकाइ उपलब्धिमा उल्लेख भएको स्वतन्त्र रुपमा छोटा रचनाहरु (अनुच्छेद, चिठी, निवेदन र प्रबन्ध) गर्न विद्यालय तहको प्रारम्भिक तहबाटै चिठी तथा निवेदन लेखन गर्न विद्यार्थीहरु सक्षम हुन सक्छन् । यसरी प्रारम्भिक तह पूरा गरी कक्षा छाड्ने विद्यार्थीहरुले यसपछि कम्तीमा पनि चिठी तथा निवेदन लेखन गर्न सक्षम हुने अपेक्षा राखेको पाइन्छ । त्यसैगरी निम्नमाध्यमिक तहमा लेखाइ सीपअन्तर्गत स-साना रचनाहरु (अनुच्छेद, चिठी र निवेदन आदि) सिलसिला मिलाई लेख्न भनेर उद्देश्य राखिएको छ । माध्यमिक तहमा पनि चिठी र निवेदनलाई विधाक्षेत्रभित्र समावेश गरी १० अङ्क छुट्याइएको छ । यसले चिठी तथा निवेदन लेखनको महत्व नेपाली भाषाअन्तर्गत सधैं अपरिहार्य रहिरहने अध्येताको ठहर छ ।

चिठी र निवेदन पढ्न जान्नले लेख्न सक्छ भन्ने कुरा सत्य होइन । जसले धेरै लेख्ने अभ्यास गर्दछ त्यसले मात्र लेख्न सक्दछ । औपचारिकता, संङ्क्षिप्तता र स्पष्टता कार्यालयीय चिठी र निवेदनका गहना हुन् । यदि यी कुराहरुलाई व्यक्तिले सदैव मनमा राखेर चिठी तथा निवेदन लेख्दैन भने उसले अभिव्यक्त गर्न खोजेको कुरा सजिलैसँग सम्बन्धित व्यक्ति वा संस्थालाई बुझाउन सक्दैन ।

### २.२ भाषिक सीप र चिठी तथा निवेदनलेखन

#### २.२.१ भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तक र लेखाइ सीप

##### २.२.१.१ भाषापाठ्यक्रम

भाषा मानवीय वस्तु हो । मानिसका मनमा लागेका विचार तथा भावना आदानप्रदान तथा सिर्जनात्मक प्रस्तुतीकरणको माध्यम भाषा हो । समुदायमा सम्पूर्ण ज्ञान तथा क्रियाकलापहरु भाषाकै माध्यमबाट चलिरहेकै हुन्छ । विद्यार्थीहरुमा भाषिक सीप विकासका निमित्त भाषापाठ्यक्रमको आवश्यकता पर्दछ । भाषापाठ्यक्रम भाषा सिकाइसम्बन्धी निर्दिष्ट लक्ष्यसम्म पुग्ने एउटा गोरेटो हो । भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउन यसले मार्गदर्शकको काम गरेको हुन्छ । भाषिक सीपसँग सम्बन्धित बोध तथा अभिव्यक्ति क्षेत्रका विविध पक्षहरु आर्जन गर्नका निमित्त गरिने

सम्पूर्ण प्रयास भाषापाठ्यक्रमअन्तर्गत पर्दछन् । वास्वतमा पाठ्यक्रम समग्र शैक्षिक गतिविधिको मार्गदर्शक हो । अन्य पाठ्यक्रम जस्तै गरी भाषापाठ्यक्रमले पनि विद्यालयभित्र र बाहिर विद्यार्थीहरुले गर्ने सम्पूर्ण पठन तथा अभिव्यक्तिअन्तर्गत बोलाइ र लेखाइ सीपहरु पर्दछन् । कुनैपनि तह वा कक्षाका स्तरअनुकूल विकास गर्नका लागि निर्माण गरिने मार्गदर्शक कार्यक्रम भाषापाठ्यक्रम हो (शर्मा र पौडेल, २०६०:३३३) ।

२.२.१.२ भाषापाठ्यपुस्तक

जुनसुकै शिक्षा व्यवस्थामा पनि पाठ्यपुस्तकको आवश्यकता पर्दछ । हाम्रो जस्तो देशमा विद्यालयमा हुने सम्पूर्ण कार्यकलाप पाठ्यपुस्तकमै केन्द्रित हुन्छन् । पाठ्यपुस्तक शिक्षक-विद्यार्थी दुबैका लागि कक्षामा प्रस्तुत हुने आधिकारिक सामग्री मानिन्छ । पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य प्राप्तिका लागि विद्यार्थी र शिक्षकलाई मार्गदर्शन गर्ने काम पाठ्यपुस्तकले गर्दछ । पाठ्यपुस्तक कति लोकप्रिय हुन्छ भने यसलाई ‘मुद्रित शिक्षक’ समेत भनिन्छ (अधिकारी र शर्मा, २०६१) ।

कुनैपनि पाठ्यपुस्तक सम्बन्धित विषयका पाठ्यक्रमका उद्देश्यअनुरुप लेखिएका हुन्छन् । भाषापाठ्यपुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषापाठ्यक्रमअनुरुप तयार गरिएको हुन्छ । त्यसैले यो भाषाशिक्षण सिकाइको महत्वपूर्ण र आधिकारिक सामग्री हो । भाषापाठ्यक्रम भाषाशिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भने भाषापाठ्यपुस्तक त्यसको व्यावहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्य प्राप्ति गर्न सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो । भाषापाठ्यपुस्तक विद्यार्थीहरुका मानसिक, संवेगात्मक, बौद्धिक पक्षका साथै उनीहरुको रुचि, आवश्यकता तथा किाइ प्रवृत्तिसमेतलाई ख्याल गरेर मनोवैज्ञानिक सिकाइ अनुक्रममा बाँधी तयार गरिएको हुन्छ । भाषापाठ्यपुस्तक मूलतः भाषाका चार सीपहरु सुनाइ, बोलाइ, पढाइ र लेखाइमा केन्द्रित हुन्छ । अन्य पाठ्यपुस्तकहरुमा भाषा साधन र विषयवस्तु साध्य हुन्छ भने भाषापाठ्यपुस्तकमा भाषा नै साधन र साध्य दुबै हुन्छ । यसको अर्थ भाषापाठ्यपुस्तकमा भाषा सिक्ने साधनका रुपमा मात्र विषयवस्तुलाई लिइन्छ ।

२.२.१.३ लेखाइ सीप

भाषापाठ्यपुस्तकको निर्माण भाषापाठ्यक्रमको निर्देशनमा गरिन्छ । भाषापाठ्यपुस्तकमा भाषालाई साधन र साध्य दुबै बनाइएको हुन्छ । भाषाका चार सीपहरु सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग भाषापाठ्यक्रम तथा भाषापाठ्यपुस्तक केन्द्रित रहन्छ । भाषाद्वारा व्यक्तिले एकअर्काको विचार तथा भावनाको साटासाट गर्दछ । यस्तो साटासाटमा यिनै चार सीपहरु समावेश हुन्छन् । यीमध्ये सुनाइ र पढाइ बोध वा आदानात्मक प्रकृतिका भाषिक सीप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्तिमूलक वा प्रदानात्मक प्रकृतिका भाषिक सीप हुन् ।

आफ्ना मनमस्तिष्कभित्र रहेका भाव वा विचारलाई लिपिचिह्नहरुको प्रयोगद्वारा सिलसिला मिलाई व्यक्त गर्ने प्रक्रियालाई लेखाइ भनिन्छ । लिपिचिह्न, लेख्नेयोग्यता, हिज्जेको सही जानकारी तथा आफ्नो विचार अभिव्यक्त गर्ने क्षमताको विकास गर्न लेखाइ उपयोगी हुन्छ । विद्यार्थीहरुमा लेख्ने सीप विकास गराउने चित्रवर्णन, अनुलेखन, श्रुतिलेखन, चिठीलेखन, भाव व्याख्या, कथालेखन, कवितालेखन, अनुच्छेदलेखन, प्रतिवेदनलेखन, निबन्धलेखनजस्ता लेखनकलासँग सम्बन्धित कार्यकलापहरु गराइन्छ । भाषिक संरचना तथा शब्दभण्डारको ज्ञान हुनु लेखाइ सीप विकास गर्ने महत्वपूर्ण कुरा हो ।

भाषिक सीपहरु एकआपसमा सम्बन्धित हुन्छन् । यिनीहरुको आ-आफ्नै महत्व रहेको हुन्छ । मुख्यतया लेखनसीपमार्फत् आफूले आर्जन गरेको ज्ञान तथा अनुभवहरुलाई भविष्यका लागि सञ्चित गर्न सकिने हुँदा यस अर्थमा सुनाइ, बोलाइ, पढाइ सीपहरुभन्दा लेखाइ सीपको अझ महत्व छ भन्न सकिन्छ ।

# अध्याय तीन

## अध्ययन विधि

अनुसन्धान औपचारिक र व्यवस्थित खोजी कार्य भएकाले यसमा सोही अनुसन्धेय विषयसँग सम्बन्धित खास विधिहरुको उपयोग गरिएको हुन्छ । अनुसन्धान कार्य कसरी सम्पन्न गरिएको छ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धान विधिको विवरण सब भन्दा महत्वपुर्ण विषय हो । कुनै पनि अनुसन्धानमा अध्ययन गर्दा शुरुदेखि अन्त्यसम्म अपनाइने विधिहरुलाई पूर्वयोजनाको रुपमा व्यवस्थित गरिनु पर्दछ र मात्र अनुसन्धान कार्यमा कुनै किसिमको वाधा अड्चन आउँदैन् । अध्येताले प्रस्तुत अनुसन्धान अध्ययनका लागि अपनाइएका विधिहरुलाई यस अध्यायमा समावेश गरिएको छ ।

प्रस्तुत अध्ययन **सिन्धुली जिल्लामा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन** भएको हुँदा लेखन क्षमता पहिल्याउने दृष्टिकोणले गर्न खोजिएको कुरा उद्देश्य खण्डबाट नै स्पष्ट भएको छ । त्यसैले अध्ययनको प्रयोजनका लागि विद्यार्थीहरुलाई महत्व दिएर कुनै पनि निष्कर्षमा पुग्ने प्रयास उपयुक्त ठानिएको छ । **कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन** शीर्षक सोझै विद्यार्थीहरुसँग प्रत्यक्ष सम्बन्धित भएकोले विद्यार्थीलाई केन्द्रविन्दु बनाइ नमुना सर्वेक्षण विधिबाट यस अध्ययनलाई अगाडि बढाइएको छ । नमुना सर्वेक्षण विधि भन्ने वित्तिकै यसको कार्य क्षेत्रीय विधि वा प्रयोगात्मक विधिमा आधारित रहन्छ । प्रस्तुत अनुसन्धान अध्ययनलाई वस्तुगत बनाउने क्रममा जनसङ्ख्या पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण, त्यसको पूर्वपरीक्षण, परीक्षणको कार्यान्वयन वा तथ्याङ्क सङ्कलन, संकलित तथ्याङ्कहरुको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिहरुको प्रयोग गर्दै प्रस्तुत अध्ययनको प्रारुप तयार पारिएको हो । अध्ययनमा अपनाइएका प्रक्रियाहरुको विस्तृत विवरण निम्नअनुसार छ :

### ३.१ जनसङ्ख्या पहिचान

शैक्षिक सत्र ०६७/०६८ मा कक्षा नौमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुमध्ये प्रस्तुत निश्चित विद्यार्थीहरुलाई प्रस्तुत अध्ययनका लागि जनसङ्ख्याको रुपमा लिइएको छ । तर अध्ययनको प्रयोजन, समय, लगानी आदिका कारणले सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न नसकिने भएकाले अध्ययनको सीमाङ्कन क्षेत्र सिन्धुली जिल्लाका सरकारी दुई र निजी दुई गरी जम्मा चार ओटा विद्यालयका १०० जना विद्यार्थीहरुलाई जनसङ्ख्याको रुपमा लिइएको छ ।

### ३.२ प्रतिनिधि नमुना

प्रतिनिधि नमुनाले जनसङ्ख्याको पूर्णत : प्रतिनिधित्व गरोस् र जनसङ्ख्याका गुण वा विशेषताहरु त्यस्ता नमुनामा समावेश होउन् भन्ने अध्येताको दृष्टिकोण रहेको हुन्छ । हुन पनि कुनै अनुसन्धानमा त्यसको व्याख्या र विश्लेषणसम्म पुग्न सम्पूर्ण जनसङ्ख्याबाट नमुनाको प्रतिनिधित्व गराइएको हुन्छ । यहाँ पनि यसैलाई आधार बनाइएको छ । प्रस्तुत अध्ययनमा सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गर्ने उद्देश्यले छनोट विधि अपनाइएको छ । नमुना छनोट गर्ने क्रममा सिन्धुली जिल्लाको कमलामाई न.पा. ६ र ७ मा अवस्थित, निजी दुई र सरकारी दुई गरी जम्मा ४ विद्यालयबाट फरक-फरक भाषिक पृष्ठभूमि भएका जम्मा १०० जना विद्यार्थीहरु छनोट गरियो । यसरी विद्यालयको छनौट गर्दा विभिन्न क्षेत्रबाट समग्र विद्यालयहरुको प्रतिनिधित्व भएको अपेक्षा अध्येताको रहेको छ ।

सरकारी तथा निजी विद्यालयको छनौटमा सरकारी तथा निजी विद्यालयहरु शहर र गाउँ क्षेत्रभित्र पर्ने गरी चयन गरिएको छ । यसरी अध्ययनमा समाविष्ट कुल १०० जना छात्र-छात्रा प्रस्तुत अध्ययनका लागि प्रतिनिधि नमुनाको रुपमा कायम गरिएको छ ।

### ३.३ सामग्री निर्माण

अनुसन्धान अध्ययनको प्रकृतिअनुसार सामग्री निर्माण गर्न जरुरी छ । प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीहरुको लेखन सीप परीक्षण गरी तथ्य सङ्कलन गर्नुपर्ने भएकोले सोहीअनुरुप सामग्रीहरु निर्माण गर्न आवश्यक ठानियो । लेखनसीपसँग सम्बन्धित चिठी तथा निवेदन लेखन जस्ता विभिन्न विषयसँग सम्बन्धित भएर

विद्यार्थीहरुबाट गराउनुपर्ने हुँदा समसामयिक र अति आवश्यकीय विषयहरुलाई शीर्षकका रुपमा प्रश्ताव गरियो । प्रस्तावित शीर्षकहरुमाथि आवश्यक छलफल पश्चात् प्रस्तुत अध्ययनका लागि शीर्षकको चयन गरिएको छ । तत्पश्चात् सम्बन्धित जनसङ्ख्यामा सोही शीर्षकमा विद्यार्थीहरुलाई चिठी तथा निवेदन लेख्न प्रेरित गर्दै अध्ययनका लागि आवश्यक सामग्री जुटाउने काम पूरा गरिएको छ ।

### ३.४ तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा सिन्धुली जिल्लाका प्रतिनिधि नमुनाका रुपमा छनोट गरिएको विद्यालायका विद्यार्थीहरुबाट निर्धारित समय र शीर्षकमा चिठी तथा निवेदन लेख्न प्रेरित गरियो । प्रस्तुत अध्ययन-अनुसन्धानका लागि अध्येताले सम्बन्धित विद्यालयका प्रशासन र संस्थापकहरुसँग गरेको मौखिक अनुरोधका आधारमा समन्वय गर्दै तथ्याङ्क सङ्कलन कार्यलाई अगाडि बढाइयो । नमुना जनसङ्ख्याको रुपमा चयन गरिएका विद्यालयहरुलाईबाट अध्येताले अपेक्षाकृत सहयोग प्राप्त गरेपछि ती विद्यालयहरुबाट सङ्कलन गरिएका चिठी तथा निवेदन भएका उत्तरपुस्तिकालाई शोधनिर्देशकको सुझावका आधारमा प्रक्रियागत रुपमा जाँच गरियो । जाँच गर्न उत्तरपुस्तिका परीक्षण शोधनिर्देशनको सुझावको आधारमा शीर्षकसँग सम्बन्धित सामान्यढाँचा/विषयवस्तु, भाषिक शुद्धता/शैली एवम् शिल्प गरी दुई पक्षमा केन्द्रित रहेर वस्तुगत अङ् निर्धारण गरिएको छ ।

शैक्षिक सत्र २०६७/२०६८ अन्तरगत २०६८ बैशाख र जेठ महिनाको समय सीमाभित्र प्रस्तुत अध्ययनको तथ्य सङ्कलन गरिएको थियो । तथ्य सङ्कलनका लागि छनौट गरिएका प्रत्येक २५/२५ जना विद्यार्थीहरुलाई अलग्गै कोठामा राखी विद्यालयका प्र.अ. को उपस्थितिमा आवश्यक सल्लाह दिइएको थियो । निर्धारित चिठी तथा निवेदनको शीर्षकमा प्रतिशीर्षक २० मिनेट समय सीमाभित्र चिठी तथा निवेदन तयार गर्ने निर्देश गर्दै विद्यार्थीहरुमा चिठी तथा निवेदन लेख्न प्रेरित गरिएको थियो ।

### ३.५ व्याख्या विश्लेषण र प्रस्तुतीकरण

प्रस्तुत अध्ययनको शीर्षक लेखनकलासँग सम्बन्धित रहेको हुँदा यसमा तथ्याङ्क सङ्कलनका क्रममा प्राप्त चिठी तथा निवेदन लेखिएका उत्तरपुस्तिकाहरुमा अंकित गरिएका प्राप्ताङ्कहरुलाई संस्थागत भाषिक पृष्ठभूमि तथा लिङ्गगत समूहहरुमा वर्गीकरण गरी तालिकाबद्ध गरियो । तथ्य विश्लेषणका क्रममा प्राप्ताङ्कका आधारमा उच्चतम स्थान, मध्यम स्थान तथा निम्नस्थानमा पर्ने विद्यार्थीहरुको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशताङ्क श्रेणी निर्धारण गरी चिठी तथा निवेदन लेखन क्षमताको स्थिति अवलोकन गरियो । प्रस्तुत अध्ययनका लागि उपयोगमा ल्याइएको सूत्र यस प्रकार रहेको छ ।

क) प्रतिशताङ्क ९उभचअभलतषभ० गणना गर्न उपयोग आएको सूत्र, $p = \frac{n}{N} \times 100$

यहाँ, ए ले प्रतिशत, च ले तोकिएको श्रेणीमा प्राप्त अङ्क ल्याउन सफल विद्यार्थी सङ्ख्या र त ले कुल विद्यार्थी सङ्ख्यालाई बुझ्नु पर्ने हुन्छ ।

# अध्याय चार

# व्याख्या तथा विश्लेषण

यस अध्यनबाट कक्षा नौमा अध्यनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । अध्याय तीनमा प्रस्तुत गरिएको अध्ययन विधिअनुसार यहाँ शोधकर्ताद्वारा सिन्धुली जिल्लाका १०० जना विद्यार्थीहरुबाट अध्ययनका लागि आवश्यक तथ्य सङ्कलन गरिएको छ ।

उक्त तथ्यलाई साङ्ख्यिकीय विश्लेषण गर्ने दृष्टिकोणले व्यवस्थित गर्ने प्रयास गरिएको छ । व्याख्या तथा विश्लेषणलाई पूर्णतः वस्तुगत रुप दिन प्रतिशत गणनालाई मुख्य रुपमा अगाडि सारिएको छ । चिठी लेखन क्षमताको अध्ययन,सरकारी र निजी विद्यालयका विद्यार्थीहरुबीचको चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन, लैङ्गिक आधारमा छात्र तथा छात्राहरु बीचको चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन र नेपाली मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरुबीचको चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यमा विश्लेषणका लागि अपनाइएको प्रतिशताङ्क गणना विधिको स्वरुप निम्नानुसार उल्लेख गरिएको छः

तालिका नं. १

| कुल सङ्ख्या | ३५ प्रतिशत भन्दा कम | | ३५ देखि ५० प्रतिशत भन्दा कम | | ५० देखि ६५ भन्दा कम | | ६५ देखि ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ६ | ६ | १५ | १५ | ४६ | ४६ | १७ | १७ | १६ | १६ |

उपर्युक्त तालिकानुसार समग्र विद्यार्थीहरुको चिठी लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रुपमा छनोट गरिएका कुल सङ्ख्या १०० जनालाई उनीहरुको प्राप्ताङ्क प्रतिशतको आधारमा पाँच श्रेणीमा निर्धारण गरिएको छ । जसअनुसार ३५ प्रतिशत भन्दा कम चिठी लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ६ मा पनि ६ प्रतिशत देखिन्छ । ३५ भन्दा माथि र ५० प्रतिशत भन्दा तल चिठी लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या १५ जना र प्रतिशतमा पनि १५ प्रतिशत देखिन्छ ।

५० प्रतिशत भन्दा माथि ६५ प्रतिशत भन्दा तल चिठी लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ४६  र प्रतिशतमा पनि ४६ नै देखिन्छ । ६५ देखि ८० प्रतिशत भन्दा तल चिठी लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या १७ र प्रतिशतमा पनि १७ नै देखिन्छ । प्रस्तुत अध्यनमा ८० प्रतिशत भन्दा बढी उच्चतम श्रेणीको रुपमा मापन गर्दा चिठी लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या १६ जना र प्रतिशतमा १६ मात्र देखिएको छ ।

न्यूनतम श्रेणीका रुपमा मापन गरिएको ३५ अङ्क भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या छ उच्चतम प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १६ जना (१६ प्रतिशत) देखिन्छ । तसर्थ पनि विद्यार्थीको चिठी लेखन क्षमता केही मात्रामा भए पनि उच्चनै रहेको देखिन्छ । तालिकामा उल्लेख भए अनुसार ६५ अङ्क भन्दा कम ल्याउने विद्यार्थीहरुको सङ्ख्या ४६ (४६ प्रतिशत) ६५ प्रतिशत भन्दा माथि अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ३३ जना (३३ प्रतिशत) देखिनुले पनि विद्यार्थीहरुको चिठी लेखन क्षमता कम्जोर नरहेको अवस्थालाई संकेत गर्दछ ।

४.२ सरकारी विद्यालयका विद्यार्थीहरुको चिठी लेखन क्षमता विवरण

तालिका नं.२

| कुल सङ्ख्या | ३५ प्रतिशत भन्दा कम | | ३५ देखि ५० प्रतिशत भन्दा कम | | ५० देखि ६५ प्रतिशत भन्दा कम | | ६५ देखि ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३ | ६ | ११ | २२ | २३ | ४६ | ६ | १२ | ७ | १४ |

उपर्युक्त तालिकानुसार पाँच श्रेणी निर्धारण गरी चिठी लेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न सरकारी विद्यालयका विद्यार्थीहरुबाट नमुना प्रतिनिधि जनसङ्ख्याको रुपमा ५० छात्र/ छात्राहरुलाई चयन गरिएको छ । प्रस्तुत अध्ययनमा तल्लो श्रेणीमा निर्धारण गरिएको ३५ प्रतिशत भन्दा कम चिठी लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ३ जना अर्थात् ६ प्रतिशत देखिन्छ । ३५ प्रतिशतभन्दा माथि ५० प्रतिशतभन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थीहरुको प्राप्ताङ्क ११ अथात् २२ प्रतिशत देखिन्छ । ५० भन्दा माथि ६५ प्रतिशतभन्दा तल चिठी लेखनक्षमता विद्यार्थीहरुको सङ्ख्या २३ जना अर्थात् ४६ प्रतिशत देखिन्छ ।

त्यसैगरी ६५ प्रतिशतभन्दा माथि ८० प्रतिशतभन्दा मुनि चिठी लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ६ जना अर्थात् १२ प्रतिशत देखिन्छ । प्रस्तुत अध्ययनमा उच्च श्रेणी मापन गरिएको ८० प्रतिशतभन्दा माथि चिठी लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ७ जना अर्थात् १४ प्रतिशत देखिन्छ । तल्लो श्रेणीमा निर्धारण गरिएका विद्यार्थीहरुको सङ्ख्याभन्दा माथिल्लो श्रेणीको प्रतिशत सङ्ख्या (विद्यार्थी सङ्ख्या) बढी देखिनुले विद्यार्थीहरुको चिठी लेखनक्षमता सन्तोषजनक मान्न सकिने आधार प्रष्ट देखिन्छ ।

६५ प्रतिशतलाई आधार मानेर समग्रमा ६५ प्रतिशत भन्दा तल र माथि निर्धारण गरी माथिका विद्यार्थीहरुलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गर्दा विद्यार्थीहरुको क्षमता सन्तोषजनक तथ्य पाउन सकिन्न । ६५ प्रतिशतभन्दा माथि चिठीलेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या १३ र प्रतिशतमा २६ प्रतिशत मात्र देखिनुले यस तथ्यलाई छर्लङ्ग पारेको छ । ५० प्रतिशत भन्दा माथि र ६५ प्रतिशत भन्दा तल क्षमताको अङ्कन गराउन सफल विद्यार्थीहरुको सङ्ख्या समग्र प्रतिशतको श्रेणीबद्ध प्रतिशताङ्कका आधारमा बढि २३ जना (४५% प्रतिशत) देखिनुले चिठी लेखनसँग आंशिक रुपमा परिचित रहेका तर स्पष्ट हुन नसकेका विद्यार्थीहरुको सङ्ख्या बढी नै रहेको यथार्थलाई माथिको तथ्याङ्कले स्पष्ट पारेको छ ।

यसरी ३५ प्रतिशत भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या ३ जना (६ प्रतिशत), ८० प्रतिशतभन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या ७ जना अर्थात् १४ प्रतिशत देखिनुले विद्यार्थीहरुको चिठी लेखनक्षमता उच्च नै देखिए तापनि ५० प्रतिशतलाई आधार मानेर ६५ प्रतिशत भन्दा तल हेर्दा सबै भन्दा बढी विद्यार्थी २३ जना (४६ प्रतिशत) देखिनुले चिठी लेखनसँग आंशिक रुपमा विद्यार्थीहरु परिचित रहेका तर स्पष्ट हुन नसकेको छर्लङ्ग देखिन्छ ।

यसरी सरकारी विद्यालयको विद्यार्थीको चिठी लेखन क्षमता सन्तोषजनक देखिए पनि अझै समग्र विद्यार्थीहरुमा पूर्ण ज्ञान र सीपको आवश्यकता भएको देखिन्छ । यसलाई सुधार गर्दै लान अध्यापक र भौतिक स्रोत साधनको विकास तथा विद्यार्थीको पारिवारिक आर्थिक उन्नति हुँदै जानु पर्ने आवश्यकता देखिन्छ ।

४.३ निजी विद्यालयका विद्यार्थीहरुको चिठी लेखन क्षमता विवरण

तालिका नं. ३

| कुल सङ्ख्या | ३५% प्रतिशत भन्दा कम | | ३५ देखि ५० प्रतिशत भन्दा कम | | ५० देखि६५ प्रतिशत भन्दा कम | | ६५ देखि ८० प्रतिशत भन्दा कम | | ८० देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३ | ६ | ४ | ८ | २३ | ४६ | ११ | २२ | ९ | १८ |

## निजी विद्यालयका विद्यार्थीहरुको चिठी लेखन क्षमताको प्रतिशत

उपर्युक्त तालिकानुसार पाँच श्रेणी निर्धारण गरी चिठी लेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न निजी विद्यालयका विद्यार्थीहरुबाट नमुना प्रतिनिधि जनसङ्ख्याको रुपमा ५० विद्यार्थीहरुलाई चयन गरिएको छ । प्रस्तुत तालिकामा ३५ प्रतिशत अङ्क प्राप्ताङ्कलाई तल्लो तहमा निर्धारण गरिएको छ भने ८० अङ्कभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरुलाई माथिल्लो तहमा निर्धारण गरिएको छ । ३५ प्रतिशत अङ्कभन्दा कम चिठी लेख्ने क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ३ जना ६ प्रतिशत देखिन्छ । ३५ देखि माथि ५० प्रतिशतभन्दा मुनि चिठी लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ४ जना ८% प्रतिशत देखिन्छ । ५० भन्दा माथि ६५ प्रतिशत भन्दा मुनि चिठी लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या २३ जना ४६ प्रतिशत देखिन्छ । ८० प्रतिशत भन्दा माथि चिठी लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ९ जना अर्थात् १८ प्रतिशत देखिन्छ । तसर्थ निजी विद्यालयमा अध्यनरत विद्यार्थीहरुको चिठी लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

३५ प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या ३ जना (६ प्रतिशत), ५० जना भन्दा तल अङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या ४ जना (८ प्रतिशत), ५० भन्दा माथि र ८० भन्दा तल प्राप्ताङ्कक ल्याउने विद्यार्थीहरुको सङ्ख्या ३२ जना (६४ प्रतिशत) देखिनुले निजी विद्यालयको अध्ययन गर्ने विद्यार्थीहरुको चिठी लेखन क्षमता सन्तोषजनक देखिन्छ । ३५ प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थीहरुको संख्या ६ प्रतिशत र ८० भन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या ९ जना १८ प्रतिशत देखिनुले निजी विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमता कमजोर नरहेको अवस्थालाई सङ्केत गर्छ ।

यसरी निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको चिठी लेखन क्षमता सन्तोषजनक देखिनुमा विद्यालयको  भौतिक अवस्था सक्षम हुनु, शैक्षिक वातावरण उपयुक्त हुनु, अभ्यासमा बढी जोड दिनु, अभिभावको लगानीअनुसार सचेत रहनुजस्ता कारणहरु देखिन्छ ।

**४.४  नेपाली मातृभाषी विद्यार्थीहरुको चिठी लेखन क्षमताको विवरण**

तालिका नं. ४

| कुल सङ्ख्या | ३५ प्रतिशत भन्दा कम | | ३५ प्रतिशत देखि ५० भन्दा  कम | | ५० प्रतिशत देखि ६५ भन्दा कम | | ६५ प्रतिशत देखि ८० भन्दा कम | | ८० प्रतिशत देखि सो भन्दा वढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५ | १० | १० | २० | १९ | ३८ | ७ | १४ | ९ | १८ |

नेपाली मातृभाषी विद्यार्थीको चिठी देखन क्षमताको प्रतिशत

यस तालिकामा नेपाली मातृभाषी ५० जना विद्यार्थीहरु मध्ये ५ जना अर्थात् १० प्रतिशत ३५ प्रतिशत भन्दा कम चिठी लेखन क्षमता हुने समूहमा परेको देखिन्छ । ३५ प्रतिशत भन्दा माथि ५० प्रतिशत भन्दा तल चिठी लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या १० जना अर्थात् २० प्रतिशत देखिन्छ  ।

५० प्रतिशत भन्दा माथि ६५ प्रतिशत भन्दा तल चिठी लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या १९ जना अर्थात् ६८ प्रतिशत उल्लेखित गरिएको छ । ६५ भन्दा माथि र ८० भन्दा तल चिठी लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ७ जना अर्थात् १४ प्रतिशत देखिन्छ । अत्युत्तम श्रेणी निर्धारण गरिएको (८० प्रतिशत ) भन्दा माथि चिठी लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या १८ प्रतिशत मात्र रहेको हुँदा चिठी लेखनमा विद्यार्थीहरु सचेत हुन नसकेको देखिन्छ ।

६५ प्रतिशत भन्दा माथि चिठी लेखन क्षमता भएका विद्यार्थीहरुलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गरी प्रस्तुत तालिकाको अध्ययन गर्दा सन्तोषजनक छ भन्न सकिन्छ । यहाँ ३२  प्रतिशत विद्यार्थीहरुले ६५ प्रतिशत भन्दा माथि आफ्नो क्षमतालाई प्रस्तुत गर्न सफल भएका छन् । ३५ भन्दा माथि र ६५ भन्दा कम चिठी लेखनक्षमताको अङ्कन गराउन सफल विद्यार्थीहरुको सङ्ख्या समग्र प्रतिशतको श्रेणीवद्ध प्रतिशताङ्कका आधारमा कम अर्थात ५२ प्रतिशत रहेको देखिन्छ । यस तथ्यले विद्यार्थीहरुमा चिठी लेखनसम्बन्धी धारणात्मक विकास भएको तर आंशिक रुपमा

प्रक्रियागत विषयवस्तु, भाषिक शुद्धता शैली र शिल्प ज्ञानको अभाव रहेको कुरालाई संकेत गर्दछ ।

अधिकांश विद्यार्थीहरुको क्षमतागत प्राप्ताङ्क ५० प्रतिशत देखि ८० भन्दा माथि सम्मको गणना गर्दा ७० प्रतिशत देखिनुले चिठी लेखनको प्रक्रिया, स्वरुप , आंशिक रुपमा भए पनि जानकारी रहेको देखिन्छ ।

**४.५ नेपाली दोस्रोभाषी विद्यार्थीहरुको चिठ्ठीलेखन क्षमताको विवरण**

तालिका नं.५

| कुल | ३५ प्रतिशत भन्दा कम | | ३५ देखि ५० प्रतिशत भन्दा कम | | ५० देखि ६५ प्रतिशत भन्दा कम | | ६५ देखि ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशतदेखि माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १ | २५ | १० | २० | २५ | ५० | ६ | १२ | ८ | १६ |

**नेपाली दोस्रो भाषी विद्यार्थीहरुको चिठी लेखन क्षमता (प्रतिशतमा)**

नेपाली दोस्रोभाषी विद्यार्थीहरुमध्येबाट नमुना प्रतिनिधि जनसङ्ख्याको रुपमा ५० जना लिइएको छ । यस तालिकामा ३५ प्रतिशत भन्दा कम चिठी लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या १ जना (२ प्रतिशत) देखिन्छ । ३५ भन्दा माथि र ५० भन्दा कम चिठी लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या १० जना (२० प्रतिशत) देखिएको छ । ५० भन्दा माथि र ६५ भन्दा मुनि चिठी लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या २५ अर्थात्‌को ५० प्रतिशत रहेको छ । ६५ देखि माथि ८० भन्दा तल चिठी लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ६ जना (१२ प्रतिशत) रहेको छ । त्यसै गरी यस अध्यनमा विशिष्ट क्षमता मापन गरिएको ८० प्रतिशतभन्दा माथि चिठीलेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ८ जना (१६ प्रतिशत) रहेको देखिन्छ ।

५० प्रतिशतभन्दा माथि चिठीलेखन क्षमता भएका विद्यार्थीहरुलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गरी तालिकाको अध्ययन गर्दा सन्तोषजनक नतिजा पाउन सकिन्छ । यहाँ ३५ प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या २ प्रतिशत, ५० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या २० प्रतिशत गरी

जम्मा २२ प्रतिशत विद्यार्थीहरुको चिठी लेखन क्षमता कमजोर देखिनाले नेपाली दोस्रो भाषी विद्यार्थीहरुको चिठीलेखन क्षमतामा एकरुपता आउन सकेको देखिँदैन ।

४.६ छात्रा विद्यार्थी चिठीलेखन क्षमता विवरण

तलिका नं.६

| कुल छात्रा सङ्ख्या निजी सरकारी | प्रतिशाताङ्क स्थिति | विद्यालयको प्रकृति | सङ्ख्या | प्रतिशत | जम्मा सङ्ख्या | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|
| ५० | ३५ भन्दा तल | सरकारी | – | – | – | – |
| | | निजी | – | – | – | – |
| | ३५ भन्दा माथि | सरकारी | ४ | ८% | ४ | ८% |
| | ५० भन्दा कम | निजी | ७ | १४% | ७ | १४% |
| | ५० भन्दा माथि | सरकारी | ११ | २२% | १० | २०% |
| | ६५% तल | निजी | १० | २०% | १० | २०% |
| | ६५ भन्दा माथि<br>८० भन्दा तल | निजी | ५ | १०% | ५ | १०% |
| | ८० भन्दा माथि | सरकारी | ५ | १०% | ५ | १०% |
| | | निजी | ५ | १०% | ५ | १०% |

छात्रा विद्यार्थीहरुको चिठी लेखन क्षमताको प्रतिशत

प्रस्तुत तालिकानुसार छात्रा विद्यार्थीहरुको चिठीलेखन क्षमताको पहिचान गर्ने प्रतिनिधि जनसङ्ख्याका रुपमा ५० जना छात्रालाई चयन गरिएको छ । जसमध्ये सरकारी विद्यालयबाट २५ र निजी विद्यालयबाट २५ छात्राहरुको प्रतिधित्व गराइएको छ ।

यस अध्ययनमा क्षमतामापनको निर्धारण गरिएको ३५ प्रतिशत भन्दा कम क्षमता भएका निजी र सरकारी दुवै तर्फ (0) प्रतिशत देखिन्छ । ३५ प्रतिशत भन्दा माथि ५० भन्दा मुनि चिठीलेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या सरकारीमा ४ जना (८ प्रतिशत) र निजीमा ७ जना (१४ प्रतिशत) देखिन्छ । त्यसैगरी ५० भन्दा माथि ६५ भन्दा तल विद्यार्थीहरुको चिठी लेखन क्षमता सरकारीमा ११ जना (२२ प्रतिशत) र निजीमा १० जना (२० प्रतिशत) देखिन्छ । ६५ प्रतिशतभन्दा माथि

८० प्रतिशतभन्दा तल विद्यार्थीहरुको चिठीलेखन क्षमता सरकारीमा ३ जना (६ प्रतिशत) र निजीमा ५ जना (१० प्रतिशत) देखिन्छ । उच्चतम श्रेणी ८० प्रतिशतभन्दा माथि सरकारी विद्यालयको विद्यार्थीहरुको चिठीलेखन क्षमता ५ जना (१० प्रतिशत) र निजी विद्यालयको पनि ५ जना (१० प्रतिशत) देखिन्छ ।

५० भन्दा माथि ६५ भन्दा तलको प्रतिशतलाई आधारमानी मूल्याङ्कन गर्दा सरकारीतर्फ २२ प्रतिशत र निजी तर्फ २० प्रतिशत लगभग समान रुपमा प्रतिनिधित्व हुनाले यस श्रेणीमा परेका छात्राहरुको चिठी लेखन क्षमतामा संस्थागत रुपले धेरै अन्तर (पृथकता) देखिदैन । ८० प्रतिशत भन्दा माथि चिठीलेखन क्षमता भएका छात्राहरुको सङ्ख्या २० प्रतिशत रहेको छ । जसमा सरकारी विद्यालयतर्फका १०% प्रतिशत र निजी विद्यालयको पनि १० प्रतिशत नै देखिन्छ । यसरी हेर्दा पनि सरकारी विद्यालयका र निजी विद्यालयका छात्राहरुको चिठी लेखन क्षमतामा समानता देखिन्छ ।

४.७ छात्र विद्यार्थीहरुको चिठी लेखन क्षमता विवरण

तालिका नं.७

| कुल छात्रा सङ्ख्या (सरकारी ंनिजी) | प्रतिशताङ्क स्थिति | विद्यालयको प्रकृति | सङ्ख्या | प्रतिशत | जम्मा सङ्ख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| (२५ं२५). ५० | ३५% भन्दा कम | सरकारी | ५ | १०% | ५ | १०% |
| | | निजी | – | – | – | – |
| | ३५% भन्दा माथि ५०% भन्दा तल | सरकारी | ६ | १२% | ६ | १२% |
| | | निजी | ४ | ८% | – | – |
| | ५०% भन्दा माथि ६५% भन्दा तल | सरकारी | ७ | १४% | ७ | १४% |
| | | निजी | ६ | १२% | ६ | १२% |
| | ६५% भन्दा माथि ८०% भन्दा तल | सरकारी | ७ | १४% | ७ | १४% |
| | | निजी | १२ | २४% | १२ | २४% |
| | ८०% भन्दा माथि | सरकारी | – | – | ३ | ६% |
| | | निजी | ३ | ६ | – | – |

छात्रा विद्यार्थीहरुको चिठी लेखन क्षमताको प्रतिशत

उपर्युक्त तालिकामा ५० जना छात्रहरुलाई प्रतिनिधि नमुना जनसङ्ख्याका रुपमा छनोट गरी उनीहरुको क्षमतालाई पाँच प्रतिशाङ्क श्रेणीमा वर्गीकरण गरी प्रस्तुत गरिएको  छ । ३५ भन्दा कम प्रतिशाङ्क चिठी लेखन क्षमता भएका छात्रहरुको सङ्ख्या १० प्रतिशत रहेको छ । जसमा निजी विद्यालयका विद्यार्थीको सङ्ख्या शून्य देखिन्छ । यस अर्थमा ३५ प्रतिशत भन्दा कम चिठी लेखन क्षमता भएका छात्रहरु निजी विद्यालयका नभई सरकारी विद्यालयका छात्रहरु भएकोले निजी विद्यालयका तुलनामा सरकारी विद्यालयका छात्रहरु कमजोर रहेको स्पष्ट हुन्छ ।

५० प्रतिशत भन्दा माथि ८० प्रतिशत भन्दा तल प्राप्ताङ्क ल्याउने छात्रहरुको सङ्ख्या ६४ प्रतिशतमा निजी विद्यालय तर्फका छात्र सङ्ख्या ३६ प्रतिशत देखिनुले सरकारी विद्यालयका छात्रहरुको तुलनामा निजी विद्यालयका छात्रहरुको चिठी लेखन क्षमता सन्तोषप्रद देखिन्छ । यसैगरी ८० प्रतिशत भन्दा माथि चिठी लेखन क्षमता मापन गराउन सफल छात्रहरुको सङ्ख्या ६ प्रतिशत मात्र देखिन्छ ।

यस श्रेणीमा सबै छात्रहरु निजी विद्यालयतर्फका देखिनुले सरकारी विद्यालयको तुलनामा निजी विद्यालयमा अध्यनरत छात्रहरु चिठी लेखन क्षमतामा माथि रहेको तथ्य प्रमाणित हुन्छ ।

४.८ सारांश

यस अध्ययनमा सम्पूर्ण समूहका विद्यार्थीहरुको चिठी लेखन क्षमताको प्रतिशत गणना गर्दा ५० प्रतिशत भन्दा माथि ६७ प्रतिशत विद्यार्थीहरु चिठी लेखन क्षमतामा सक्षम देखिन्छन् । ६५ प्रतिशत भन्दा माथि ३० प्रतिशत र ६५ प्रतिशत भन्दा तल ७० प्रतिशत विद्यार्थीहरुले अंङ्क ल्याएको देखिनुले निजी विद्यालयको विद्यार्थीहरुको दाजोमा सरकारी विद्यालयका विद्यार्थीहरुको क्षमता केही कम देखिन्छ । निजी विद्यालयतर्फ ६५ प्रतिशत भन्दा माथि ४० र सो भन्दा तल ५४ प्रतिशत र सो भन्दा मुनि ६ प्रतिशत देखिनुले पनि निजी विद्यालयका विद्यार्थीहरुको चिठी लेखन क्षमता उच्च नै देखिन्छ । नेपाली मातृभाषी विद्यार्थीहरुमा ५० प्रतिशत भन्दा माथि ७० र सो भन्दा तल ३० प्रतिशत मात्र क्षमता मापन गरिएकोले नेपाली मातृभाषी विद्यार्थीहरुको चिठी लेखन उच्च रहेको पाइन्छ ।

नेपाली दोस्रोभाषी विद्यार्थीहरुको चिठी लेखन क्षमताको गणना गर्दा ५० प्रतिशत भन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या ५९ प्रतिशत रहेकोले सन्तोषप्रद देखिन्छ । छात्रहरुको भन्दा छात्रहरुको चिठी लेखन क्षमता ८० प्रतिशत भन्दा माथि अङ्क ल्याउनेहरुका आधारमा ४ प्रतिशत मात्र रहे पनि उच्च देखिएको छ । छात्र समूहको मात्र गणना गर्दा अधिकांश विद्यार्थीहरु अर्थात् ७० प्रतिशतले ५० प्रतिशत भन्दा बढी अङ्क ल्याएको देखिनुले छात्र विद्यार्थीहरुको चिठी लेखन क्षमता उच्च रहेको प्रमाणित हुन्छ । सरकारी र निजी समूहका विद्यालयमा अध्यनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको तुलना गर्दा सरकारी समूहको विद्यार्थीहरुले ५० प्रतिशत भन्दा माथिको अङ्क निजी विद्यार्थीहरुको १३ प्रतिशत बढी हुनुले निजी विद्यालयकै विद्यार्थीहरु सक्षम देखिन्छन् ।

समग्रमा कक्षा नौमा अध्यनरत छात्र-छात्राहरुको लेखाइ अभिव्यक्ति सन्तोषजनक भएको देखिन्छ । चिठी लेखनसम्बन्धी समसामयिक विषयवस्तुहरुमा समग्र विद्यार्थीहरुको अवस्था अध्ययन गर्दा विषयवस्तुको ज्ञान, विषयवस्तुको

प्रस्तुतीकरण चिठीको सामान्य ढाँचा, शैली शिल्पमा सक्षम देखिए पनि भाषिक शुद्धतामा केही कमजोरी देखिन्छ ।

प्रस्तुत अध्ययन-अनुसन्धानले के देखाउँछ भने कक्षा नौमा अध्यनरत विद्यार्थीहरु चिठी लेखनमा उत्साहित रहेको पाइन्छ । सरकारी विद्यालयमा योजनाबद्ध शिक्षण शिकाइ सान्दर्भिक हुन नसक्नु तथा निजी विद्यालयहरुमा बढी मात्रामा लेखन अभ्यास सुगा रटाइमा सीमित रहनुले विद्यार्थीहरुको स्वतन्त्र अभिव्यक्ति क्षमतामा आंशिक असर पुगेको देखिन्छ । यसर्थ विद्यार्थीहरुमा स्वतन्त्र अभिव्यक्ति क्षमता विकास गर्दे लेखाइ सीपमा सक्षम बनाउन चिठी तथा निवेदन शिक्षण तथा लेखाइलाई जोड दिनु अनिवार्य देखिन्छ ।

# अध्याय पाँच

## निवेदनको व्याख्य र विश्लेषण

कक्षा आठ पूरा गरी कक्षा नौमा अध्यनरत विद्यार्थीहरुको निवेदन लेखन क्षमता पहिल्याने उद्देश्य राखिएको छ । शोधकर्ताद्वारा अध्याय तीनमा उल्लेख गरिएको अध्ययन विधिअनुरुप सिन्धुली जिल्लाका २ दुई सरकारी २ निजी गरी ४ विद्यालयका १०० विद्यार्थीहरुलाई नमुनाको रुपमा लिई अध्ययनका लागि आवश्यक तथ्य संकलन गरीएको छ ।

उपर्युक्त तथ्यलाई सांङ्ख्यिकीर्ये दृष्टिकोणले विश्लेषणल गरिएको छ । व्याख्या तथा विश्लेषणलाई वस्तुगत रुप दिन यहाँ प्रतिशत गणनालाई तथ्याङ्क शास्त्रीय माध्यमका रुपमा अगाडि सारिएको छ । प्रस्तुत शोधकार्यमा विश्लेषणका लागि अपनाइएको विधिको विश्लेषण स्वरुप निम्नानुसार उल्लेख गरिएको छ ।

तालिका नं. ८

| कुल सङ्ख्या | ३५% प्रतिशत भन्दा कम | | ३५% देखि ५०% प्रतिशत भन्दा कम | | ५०% देखि ६५ प्रतिशत भन्दा कम | | ६५ देखि ८०%भन्दा कम | | ८०% देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १२ | १२ | १८ | १८ | ३० | ३० | २८ | २८ | १२ | १२ |

विद्यार्थीहरुको निवेदन लेखन क्षमताको प्रतिशत

उपर्युक्त तालिकानुसार समग्र विद्यार्थीहरुको निवेदन लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रुपमा छनौट गरिएका कुल सङ्ख्या १०० जनालाई उनीहरुले प्राप्त गरेका प्रतिशतका आधारमा जम्मा पाँच श्रेणीमा निर्धारण गरिएको छ । जसअनुसार ३५ प्रतिशत भन्दा कम निवेदन लेखनक्षमता भएका विद्यार्थीको सङ्ख्या १२ प्रतिशत रहेको छ । ३५ प्रतिशत भन्दा माथि र ५० प्रतिशत भन्दा तल निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या १८ प्रतिशत छ । ५० प्रतिशत भन्दा माथि ६५ प्रतिशत भन्दा तल निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको

सङ्ख्या ३० प्रतिशत छ । ६५ प्रतिशत भन्दा माथि ८० प्रतिशत भन्दा तल निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या २८ प्रतिशत छ । प्रस्तुत अध्ययनमा विशिष्ट श्रेणीको रुपमा मापन गरिएको ८० प्रतिशत भन्दा माथि निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या १२ प्रतिशत रहेको छ ।

निम्नतम श्रेणीका रुपमा मापन गरिएको ३५ प्रतिशत भन्दा तल प्राप्ताङ्क गर्ने विद्यार्थीहरुको सङ्ख्या १२ प्रतिशत उच्चतम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या पनि १२ प्रतिशत देखिनुले विद्यार्थीहरुको निवेदन लेखनक्षमता सन्तोषप्रद देखिन्छ ।

तालिकामा उल्लेख गरिए अनुसार ५० प्रतिशत भन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या ३० प्रतिशत र ५० प्रतिशत भन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ७० प्रतिशत देखिनुले समग्रमा विद्यार्थीहरुको निवेदन लेखनक्षमता उच्च रहेको पुष्टि हुन्छ ।

**५.२ सरकारी विद्यालयका विद्यार्थीहरुको निवेदन लेखन क्षमता विवरण**

## तालिका नं.९

| कुल सङ्ख्या | ३५ प्रतिशत भन्दा मुनि अङ्क | | ३५ भन्दा माथि ५० प्रतिशत भन्दा तल | | ५० देखि ६५ प्रतिशत भन्दा कम | | ६५ देखि ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४ | ८ | १४ | २८ | २० | ४० | ६ | १२ | ६ | १२ |
| | | | | | | | | | ५० | १०० |

**सरकारी विद्यालयका विद्यार्थीहरुको निवेदन लेखनक्षमता (प्रतिशतमा)**

प्रस्तुत तालिकानुसार पाँच श्रेणी निर्धारण गरी निवेदन लेखनको तालिका प्रतिशताङ्क क्षमता पहिचान गरिएको छ । नमुना विद्यार्थी जनसङ्ख्याको रुपमा सरकारी विद्यालयका ५० जना विद्यार्थीहरुलाई छनौट गरिएको यस अध्ययनमा ३५ प्रतिशत भन्दा तल प्राप्ताङ्क ल्याउने निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ४ जना ८ प्रतिशत रहेको देखिन्छ ।

३५ भन्दा माथि र ५० भन्दा तल अङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या १४ जना २८ प्रतिशत छ । ५० भन्दा माथि ६५ भन्दा तल प्राताङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या २० जना ४० प्रतिशत रहेको छ । ६५ प्रतिशत भन्दा माथि ८० भन्दा तल निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ६ जना अर्थात् १२ प्रतिशत छ । प्रस्तुत अध्ययनमा विशिष्ट श्रेणी मापन गरिएको ८० प्रतिशत भन्दा माथि निवेदन लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ६ जना अर्थात् १२ प्रतिशत मात्र रहेको देखिनुले सरकारी विद्यालयमा अध्यनरत विद्यार्थीहरुको क्षमता सन्तोषजनक देखिन्छ ।

५० प्रतिशतलाई आधार मानेर समग्रमा ५० प्रतिशत भन्दा तल निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ३६ प्रतिशत रहेको र ५० प्रतिशत भन्दा माथि निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ६४ प्रतिशत देखिनुले सरकारी विद्यालयका विद्यार्थीहरुको निवेदन लेखनक्षमता समग्रमा सन्तोषप्रद मान्न सकिन्छ, तर विशिष्ट श्रेणी प्राप्ताङ्क विद्यार्थीहरुको सङ्ख्या १२ प्रतिशत देखिन्छ । ८० प्रतिशत भन्दा माथि प्राप्त अङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या १२ मात्र देखिनुले निवेदन लेखनको सामान्य ढाँचा भाषिक, शद्धता विषयवस्तुको गम्भीर्य र शैली शिल्पसँग आंशिक विद्यार्थीहरु परिचित नरहेको तथ्याङ्कले स्पस्ट पारेको छ ।

**५.३ निजी विद्यालयका विद्यार्थीहरुको निवेदन लेखन क्षमताको विवरण**

तलिका नं.१०

| कुल सङ्ख्या | ३५ प्रतिशत भन्दा मुनि अङ्क | | ३५ भन्दा माथि ५० प्रतिशत भन्दा तल | | ५० देखि ६५ प्रतिशत भन्दा कम | | ६५ देखि ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २ | ४ | २ | ४ | १८ | ३६ | १६ | ३२ | १२ | २४ |

उपर्युक्त तालिकानुसार पाँच श्रेणी निर्धारण गरी निवेदन लेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न निजी विद्यालयका ५० जना विद्यार्थीहरुलाई प्रतिनिधि जनसङ्ख्याको रुपमा चयन गरिएको छ । प्रस्तुत अध्ययनमा ३५ प्रतिशत भन्दा कम निवेदनलेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या चार प्रतिशत देखिन्छ । ५० भन्दा माथि र ६५ प्रतिशत भन्दा तल निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ३६

प्रतिशत उल्लेख गरिएको छ । ६५ भन्दा माथि ८० प्रतिशत भन्दा तल निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ३२ प्रतिशत रहेको छ । त्यसैगरी ८० प्रतिशत भन्दा माथि निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या २४ प्रतिशत देखिनुले निवेदन लेखनमा निजी विद्यालयमा अध्यनरत विद्यार्थीहरु सक्षम देखिन्छन । ६२ प्रतिशत भन्दा माथि निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुलाई उच्चतम श्रेणी वर्गीकृत गरी तालिकाको अध्ययन गर्दा ५६ प्रतिशत विद्यार्थीहरु निवेदन लेखनक्षमतामा सक्षम रहेको तथ्य प्रस्टिन्छ ।

यसरी निजी विद्यालयका विद्यार्थीहरुको निवेदन लेखनक्षमता ३५ प्रतिशत भन्दा तल ४ प्रतिशत हुनु र विशिष्ट श्रेणी ८० प्रतिशत भन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या २४ प्रतिशत हुनुमा निजी विद्यालयमा विद्यार्थीहरुको चाप कम हुनु, अभ्यास बढी गराउनु,परिवार आर्थिक रुपले सक्षम हुनु, सचेत हुनु विद्यार्थीहरुको भौतिक सुविधाले सरकारी विद्यालय भन्दा सम्पन्न हुनु जस्ता कारणहरु महत्वपूर्ण देखिन्छ । यस तथ्याङ्कले निजी विद्यालयका विद्यार्थीहरुको निवेदन लेखन क्षमता उच्च रहेको देखाउँछ ।

५.४ नेपाली मातृभाषी विद्यार्थीहरुको निवेदन लेखन क्षमताको विवरण

**तलिका नं. ११**

| कुल सङ्ख्या | ३५ प्रतिशत भन्दा मुनि अङ्क | | ३५ भन्दा माथि ५० प्रतिशत भन्दा तल | | ५० देखि ६५ प्रतिशत भन्दा कम | | ६५ देखि ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३ | ६ | २ | ४ | १२ | २४ | २३ | ४६ | १० | २० |

नेपाली मातृभाषी विद्यार्थीहरुको निवेदनलेखन क्षमता (प्रतिशतमा)

उपर्युक्त तालिकामा नेपाली मातृभाषी ५० जना विद्यार्थीहरुमध्ये ६ प्रतिशत विद्यार्थीहरु ३५ प्रतिशत भन्दा कम निवेदन लेखनक्षमता हुने श्रेणीमा परेको देखिन्छ । ३५ प्रतिशत भन्दा माथि ५० प्रतिशत भन्दा तल निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या १२ प्रतिशत उल्लेख गरिएको छ । ५० प्रतिशत भन्दा माथि ६५ प्रतिशत भन्दा तल निवेदन लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या २४ प्रतिशत रहेको देखिन्छ । ६५ प्रतिशत भन्दा माथि ८० प्रतिशत भन्दा तल निवेदन लेखनक्षमता भएका विद्यागर्थीहरुको सङ्ख्या ४६ प्रतिशत देखिन्छ । विशिष्ट श्रेणी निर्धारण गरिएको ८० प्रतिशत भन्दा माथि निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या २० प्रतिशत रहेको हुँदा ६२ प्रतिशत तलको अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या हेर्ने हो भने ६६ प्रतिशत रहेको देखिन्छ । समग्र विद्यार्थीहरुको सङ्ख्या १० प्रतिशत भन्दा तल अङ्क ल्याउने विद्यार्थीहरुको निवेदन लेखनक्षमतामा एक रुपता आउन नसकेको तथ्यले प्रमाणित गर्दछ ।

### ५.५ नेपाली दोस्रोभाषी विद्यार्थीहरुको निवेदनलेखन क्षमताको विवरण

तालिका नं. १२

| कुल सङ्ख्या | ३५ प्रतिशत भन्दा मुनि अङ्क | | ३५ भन्दा माथि ५० प्रतिशत भन्दा तल | | ५० देखि ६५ प्रतिशत भन्दा कम | | ६५ देखि ८० प्रतिशत भन्दा कम | | ८० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५ | १०% | ८ | १६% | २० | ४०% | ९ | १८% | ८ | १६% |
| | | | | | | | | | ५० | १००% |

**नेपाली दोस्रोभाषी विद्यार्थीहरुको निवेदनलेखन क्षमता (प्रतिशतमा)**

नेपाली दोस्रोभाषी विद्यार्थीहरुबाट नमुना प्रतिनिधि जनसङ्ख्याको रुपमा ५० जना विद्यार्थीहरुलाई प्रतिनिधि जनसङ्ख्याको रुपमा छनौट गरिएको छ । यहाँ ३५ प्रतिशत भन्दा कम निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या १० प्रतिशत ३५ प्रतिशत भन्दा माथि र ५० प्रतिशत भन्दा तल निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या १६ प्रतिशत छ ।

५० प्रतिशत भन्दा माथि ६५ प्रतिशत भन्दा तल निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ४० प्रतिशत रहेको छ । ६५ भन्दा माथि र ८० भन्दा तल निवेदन लेखनक्षमता भएको विद्यार्थीहरुको सङ्ख्या १८ प्रतिशत रहेको देखिन्छ । यसै गरी ८० प्रतिशत भन्दा माथि निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या १६ प्रतिशत देखिन्छ ।

५० प्रतिशत भन्दा माथि निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुलाई सन्तोषजनक श्रेणीमा वर्गीकृत गरी प्रस्तुत तालिकाको अध्ययन गर्दा अत्यन्त सन्तोषजनक नतिजा पाउन सकिन्छ । समग्र प्रतिशतमा ६५ प्रतिशत भन्दा माथि निवेदन लेखनक्षमता अङ्कन गर्न सफल विद्यार्थीहरुको सङ्ख्या ३४ प्रतिशत देखिनुले नेपाली दोस्रोभाषी विद्यार्थीहरुको निवेदन लेखनक्षमता सन्तोषजनक नै देखिन्छ ।

**५.६ छात्रा विद्यार्थीहरुको निवेदनलेखन क्षमता विवरण**

**तालिका नं. १३**

| कुल सङ्ख्या सरकारी निजी | प्रतिशताङ्क स्थिति | विद्यालयको प्रकृति | सङ्ख्या | प्रतिशत | जम्मा संख्या | समग्रह |
|---|---|---|---|---|---|---|
| २५ निजी +२५ सरकारी गरी जम्मा ५० | ३५ प्रतिशत भन्दा कम | सरकारी | ५ | १० | ५ | १० |
| | | निजि | - | - | - | - |
| | ३५ प्रतिशत भन्दा माथि ५० भन्दा तल | सरकारी | ४ | ८ | ७ | १४ |
| | | निजी | ३ | ६ | ३ | ६ |
| | ५० भन्दा माथि ६५ प्रतिशत भन्दा तल | सरकारी | ४ | ८ | १३ | २६ |
| | | निजी | १० | २० | १० | २० |
| | ६५ प्रतिशत भन्दा माथि ८० प्रतिशत भन्दा तल | सरकारी | १० | २० | १९ | ३६ |
| | | निजी | ९ | १८ | ९ | १८ |
| | ८० प्रतिशत भन्दा माथि | सरकारी | २ | ४ | ६ | १२ |
| | | निजी | ४ | ८ | ४ | ८ |
| | जम्मा | | | | ५० | १०० |

**छात्रा विद्यार्थीहरुको निवेदन लेखन क्षमता (प्रतिशतमा)**

उपर्युक्त तालिकाअनुसार समग्र विद्यार्थीहरुमध्येबाट छात्रा विद्यार्थीहरुको निवेदन लेखनक्षमता पहिचान गर्न पाँच श्रेणी निर्धारण गरी प्रतिनिधि नमुना जनसङ्ख्याका

रुपमा ५० जना छात्राहरुलाई चयन गरिएको छ । जसमा सरकारी विद्यालयबाट २५ जना र निजी विद्यालयबाट २५ जना छात्राहरुको प्रतिनिधित्व गराइएको छ ।

प्रस्तुत अध्ययनमा क्षमता मापन निर्धारण गरिएका प्रतिशताङ्क मापनका आधारहरुमध्ये ३५ प्रतिशत कम निवेदन लेखन क्षमता भएका छात्राहरुको सङ्ख्या १० प्रतिशत रहेको छ । जसमा निजी विद्यालयका छात्रहरुले प्राप्त गरेको निवेदन लेखनक्षमता ३५ भन्दा कम नरहेको स्पष्ट देख्न सकिन्छ । ३५ प्रतिशत भन्दा माथि र ५० प्रतिशत भन्दा कम निवेदन लेखनक्षमता भएका छात्राहरुको सङ्ख्या १४ प्रतिशत रहेको छ । जसमा सरकारी विद्यालय तर्फ ८० प्रतिशत र निजी विद्यालयतर्फ १० प्रतिशत छात्राहरुको प्रतिनिधित्व देखिन्छ । ५० प्रतिशत भन्दा माथि ६५ प्रतिशत भन्दा तल निवेदन लेखन क्षमता भएका विद्यार्थीहरुमध्ये सरकारी विद्यालयका छात्राहरुको सङ्ख्या ८ प्रतिशत र निजी विद्यालयतर्फ का छात्राहरुको सङ्ख्या १८ प्रतिशत रहेको देखिन्छ । त्यस्तै ६५ प्रतिशत भन्दा माथि र ८० प्रतिशत भन्दा  तल निवेदन लेखनक्षमता भएका विद्यालयतर्फको छात्राहरुको ३८ प्रतिशत देखिन्छ । यसमा सरकारी विद्यालयतर्फका छात्राहरु र निजी विद्यालयका छात्राहरुको निवेदन लेखनक्षमता झण्डै उस्तै नै देखिन्छ ।

८० प्रतिशत भन्दा माथि निवेदन लेखनक्षमता भएका १२ प्रतिशत छात्राहरुमध्ये सरकारी विद्यालयका छात्रा सङ्ख्या ४ प्रतिशत र निजी विद्यालयका छात्रासङ्ख्या ८ प्रतिशत देखिनुले सरकारी विद्यालयका छात्राहरुको भन्दा निजी विद्यालयका छात्राहरुको निवेदन लेखनक्षमता उच्च रहेको देखिन्छ । यसरी समग्र छात्रासमूहको निवेदन लेखनक्षमतालाई ५० प्रतिशत भन्दा माथि अंक प्राप्त गर्नेहरुको सङ्ख्या सन्तोषजनक देखिन्छ जुन कुल ७६ प्रतिशत छात्राहरु पर्दछन् । जसमध्ये ३२ प्रतिशत छात्राहरुले सरकारी विद्यालयबाट र  ४४ प्रतिशत छात्राहरुले निजी विद्यालयको प्रतिनिधित्व गरेका छन् । यसरी सरकारी विद्यालयका छात्राहरु भन्दा निजी विद्यालयका छात्राहरुको विवेदन लेखनक्षमता उत्तम देखिन्छ ।

**५.७ छात्र विद्यालयहरुको निवेदनलेखन क्षमता विवरण**

तालिका नं. १४

| कुल छात्र सङ्ख्या २५२५.५० | प्रतिशाताङ्क स्थिति | विद्यालयको प्रकृति | सङ्ख्या | प्रतिशत | जम्मा सङ्ख्या | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|
| | ३५ प्रतिशत भन्दा तल | सरकारी | ६ | १२ | ६ | १२ |
| | | निजी | - | - | - | - |
| | ३५ प्रतिशत भन्दा माथि ५० भन्दा तल | सरकारी | ३ | ६ | ५ | १० |
| | | निजी | २ | ४ | २ | ४ |
| | ५० प्रतिशत भन्दा माथि ६५ भन्दा तल | सरकारी | ९ | १८ | १४ | २८ |
| | | निजी | ५ | १० | ५ | १० |
| | ६५ प्रतिशत भन्दा माथि ८० भन्दा तल | सरकारी | ५ | १० | १५ | ३० |
| | | निजी | १० | २० | १० | २० |
| | ८० प्रतिशत भन्दा माथि | सरकारी | २ | ४ | १० | २० |
| | | निजी | ८ | १६ | ८ | १६ |

छात्र विद्यार्थीहरुको निवेदन लेखनक्षमताको प्रतिशत

छात्र विद्यार्थीहरुको निवेदन लेखन क्षमताको प्रतिशत पाँच श्रेणीमा निर्धारण गरी प्रतिनिधि नमुना जनसङ्ख्याको रुपमा ५० जना छात्रहरुलाइ छनौट गरिएको छ । जसमा सरकारी विद्यालयबाट २५ जना र निजी विद्यालयबाट २५ जना प्रतिनिधित्व गराइएको छ । निर्धारण गरिएको मापनअनुसार ३५ प्रतिशत भन्दा कम निवेदन लेखनक्षमता भएका छात्रहरुको सङ्ख्या १२ प्रतिशत देखिन्छ भने निजी विद्यालयको सङ्ख्या शून्य रहेको देखिन्छ ।

३५ प्रतिशत भन्दा माथि ५० प्रतिशत भन्दा तल निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या १० प्रतिशत रहेको छ । त्यस्तै ५० भन्दा माथि ६५ प्रतिशत भन्दा तल निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या २८ प्रतिशत रहेको देखिन्छ । यसरी ३५ प्रतिशत भन्दा माथि ६५ भन्दा तल निवेदन लेखनक्षमता भएका छात्रहरुको सङ्ख्या ३८ प्रतिशत भएकोमा सरकारी विद्यालयका छात्रहरुको सङ्ख्या २४ प्रतिशत र निजी विद्यालयतर्फका छात्रहरुको सङ्ख्या १४ प्रतिशत देखिनुले सामान्य क्षमतामा सरकारी विद्यालयका छात्रहरु देखिन्छन् । त्यसैगरि ६५ प्रतिशत भन्दा माथि देखि विशिष्ट श्रेणी निर्धारण गरिएको ८० प्रतिशत भन्दा माथि निवेदन लेखनक्षमता भएका छात्रहरुको सङ्ख्या ५० प्रतिशत भएकोमा सरकारी विद्यालयका छात्रहरुको सङ्ख्या १४ प्रतिशत र निजी विद्यालयका छात्रहरुको सङ्ख्या ३६ प्रतिशत भएको देखिन्छ । यसरी झण्डै सरकारी विद्यालयको छात्रहरुको सङ्ख्याको तुलनामा एकतिहाइ जति निजी विद्यालयका छात्रहरु निवेदन लेखनक्षमतामा धेरै अगाडि छन् भन्ने तथ्य झल्किन्छ ।

५.८ सारांश

प्रस्तुत अध्ययनमा ५० जना सरकरी विद्यालयतर्फ र ५० जना निजी विद्यालय तर्फ गरी जम्मा १०० जना छात्रहरुको प्रतिशताङ्क स्थिति आधारमा निवेदन लेखन क्षमतासम्बन्धी विश्लेषण गरियो । पाँच श्रेणी निर्धारण गरिएकोमा बहुसङ्ख्य विद्यार्थीहरु ६५ प्रतिशतदेखि ८० प्रतिशत भन्दा माथिसम्म निवेदन लेखनक्षमता भएको पाइन्छन् । यसरी ५० प्रतिशत विद्यार्थीहरुको प्राप्ताङ्क ६५ भन्दा माथि भएबाट कक्षा नौमा अध्ययन अध्यायपन गराइने निवेदनलेखनका पक्रियागत ढाँचाहरुमा विद्यार्थीहरुमा विद्यार्थीहरु स्पष्ट भएको देखिन्छ । सामान्य ढाँचा विषयवस्तु, भाषिक शुद्धता, शैली र शिल्प निवेदन लेखनका केन्द्रीय पक्ष हुन् । यसतर्फ विद्यार्थीहरुमा निवेदन लेखनको

अभ्यास भइरहेको कारण उनीहरुमा सामान्य ज्ञान भएको प्रस्तुत अध्ययनले देखाएको छ ।

प्रस्तुत अनुसन्धान अध्ययनमा निवेदन लेखनका उत्तरपुस्तिकाहरुमा अंकन गर्दा सामान्य ढाँचा विषयवस्तुको संयोजन, भाषीक शुद्धता र शैली शिल्पजस्ता आधारहरु अवलम्वन गरिएको छ । यिनै आधारहरुलाई प्रत्येकमा लागू गर्दा सरकारी विद्यालयका विद्यार्थीहरु भन्दा निजी विद्यालय समूहका विद्यार्थीहरुमा विषयवस्तुको ज्ञान, प्रस्तुतीकरण र भाषिक शुद्धता उच्च रहेको तथ्याङ्कले देखाएको छ । निजी विद्यालय भन्दा सरकारी विद्यालय समूहको छात्र छात्राहरुको नेपाली भाषामा लिखित अभिव्यक्ति क्षमता कमजोर हुनुको पछाडि सरकारी विद्यालयमा व्यवस्थित शिक्षण अभ्यासको कमी, विद्यार्थीहरुको अत्याधिक भार, अभिभावकहरुले छोराछोरीको पढाइ प्रति ध्यान दिननसक्नु जस्ता कारणहरुलाई कारक तत्वका रुपमा लिन सकिन्छ । त्यसैगरी नेपाली मातृभाषी विद्यार्थीहरु भाषिक शद्धता र विषयवस्तुको ज्ञानमा सक्षम देखिए पनि विषयवस्तुको संयोजन अर्थात शैली शिल्पमा भने मध्यम देखिन्छन् । नेपाली दोस्रोभाषी विद्यार्थीहरुमा विषयवस्तुको ज्ञान सामान्य ढाँचा र शैली शिल्पको क्षमतामा सक्षम देखिए पनि भाषिक शद्धतामा केही कमजोर देखिन्छन् । छात्र समूहका विद्यार्थीहरुमा भएका विषयगत ढाँचाको ज्ञान छात्रा समूहका विद्यार्थीहरुमा पनि समान रुपमा देखिन्छ । छात्रहरुको तुलनामा छात्राहरु पढाइ एवम् लेखाइ प्रति आंशिक रुपमा भए पनि संवेदनशील तथा गम्भीर हुन्छन् भन्ने कुरा अनुसन्धान अध्ययनले देखाएको छ ।

सरकारी विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरुको निवेदन लेखनक्षमता निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको क्षमता भन्दा कमजोर देखिनुमा सरकारी विद्यालयमा विद्यार्थीहरुको चाप अत्याधिक हुनु, भौतिक व्यवस्थापन कमजोर हुनु, आर्थीक स्रोतको कमी हुनु राजनैतिक प्रभाव पर्नु , विद्यार्थीका अभिभावकहरु सचेत नहुनु आदि कारणहरु जिम्मेवार छन् । यसर्थ विद्यार्थीहरुमा लिखित अभिव्यक्ति क्षमताको विकास गर्दै निवेदन लेखनक्षमताको विकास गर्नु निवेदन शिक्षणलाई अझै व्यवस्थित र उपयोगी बनाउँदै लैजानुपर्छ ।

# अध्याय छ

६.१ विभिन्न समूहहरुमा चिठी तथा निवेदनलेखन क्षमताको तुलनात्मक स्थिति

यस अध्ययनमा सिन्धुली जिल्लाको कक्षा ९ मा अध्ययन्रत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखनक्षमता पहिल्याउने उद्देश्य राखिएको छ । अध्याय चार र पाँचमा प्रस्तुत गरिएको व्याख्या विश्लेषणलाई आधार मानेर यहाँ शोधकर्ताद्वारा तुलनात्मक विश्लेषण गरिएको छ । तुलनात्मक विश्लेषण विभिन्न समूह, वर्गबाट लिइएको तथ्याङ्कका आधारमा सोही समूहहरुबीच चिठी तथा निवेदन लेखन क्षमतामा के-कति अन्तर छ भन्नेतर्फ तुलनात्मक अध्ययनमा केन्द्रित रहेको छ ।

यहाँ तुलनात्मक विश्लेषण गर्ने क्रममा चिठी र निवेदनलेखन दुवैको सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको चिठी र निवेदन लेखनक्षमताको तुलना, नेपाली मातृभाषी तथा दोस्रोभाषी विद्यार्थीहरुको चिठी र निवेदनलेखन क्षमताको तुलना लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरुको चिठी र निवेदन लेखनक्षमताको तुलना गरिएको छ । यसैगरी अन्तमा समग्र विद्यार्थीहरुको चिठी र निवेदन लेखनक्षमता बीचको तुलना पनि गरिएको छ ।

६.१.१ सरकारी र निजी दुवै किसिमका विद्यालयका विद्यार्थीहरुको चिठी र  निवेदनलेखन क्षमताको तुलना

**सरकारी र निजी दुवै विद्यालयका विद्यार्थीहरुको चिठी लेखनक्षमताको तुलनात्मक विवरण**

| कुल विद्यार्थी सङ्ख्या | प्रतिशताङ्क स्थिति | विद्यालयको प्रकृति | सङ्ख्या | | प्रतिशत | | जम्मा सङ्ख्या | | जम्मा प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चिठी | निवेदन | चिठी | निवेदन | चिठी | निवेदन | चिठी | निवेदन |
| ५०+५० =१०० (सरकारी +निजी) | ३५ प्रतिशत भन्दा कम | सरकारी | १० | ११ | १० | ११ | १० | ११ | १० | ११ |
| | | निजी | ( | ( | ( | ( | | | | |
| | ३५ प्रतिशत भन्दा माथि ५० प्रतिशत भन्दा तल | सरकारी | १३ | ७ | १३ | ७ | २३ | १२ | २३ | १२ |
| | | निजी | १० | ५ | १० | ५ | | | | |
| | ५० प्रतिशत भन्दा माथि ६५ प्रतिशत भन्दा तल | सरकारी | १३ | १३ | १३ | १३ | २९ | २७ | २९ | २७ |
| | | निजी | १६ | १४ | १६ | १४ | | | | |
| | ६५ प्रतिशत भन्दा माथि ८० प्रतिशत भन्दा तल | सरकारी | १३ | १५ | १३ | १५ | ३१ | ३४ | ३१ | ३४ |
| | | निजी | १८ | १९ | १८ | १९ | | | | |
| | ८० प्रतिशत | सरकारी | १ | ४ | १ | ४ | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भन्दा माथि | निजी | ६ | १२ | ६ | १२ | ७ | १६ | ७ | १६ |

**तालिका नं. १५**

उपर्युक्त तालिकाअनुसार सरकारी र निजी दुवै विद्यालयका विद्यार्थीहरुको चिठी लेखनक्षमताको तुलनात्मक अध्ययन गर्न पाँच  श्रेणी निर्धारण गरिएको छ । यहाँ ६५ प्रतिशत भन्दा तल र ६५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने  विद्यार्थीहरुको सङ्ख्यालाई सरकारी र निजीबीचमा तुलना गरिएको छ । जस अनुसार ६५ प्रतिशतभन्दा तल अङ्क प्राप्त गर्ने सरकारी विद्यालयका विद्यार्थीहरुको सङ्ख्या ३६ प्रतिशत रहेको छ भने निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको सङ्ख्या २६ प्रतिशत देखिन्छ । त्यसैगरी ६५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने सरकारी विद्यालय अध्ययन गर्ने विद्यार्थीहरुको सङ्ख्या १४ प्रतिशत रहेको छ भने निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको सङ्ख्या २४ प्रतिशत रहेको देखिन्छ । यसबाट सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरु भन्दा निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको चिठी लेखनक्षमता धेरै सन्तोषजनक रहेको अध्ययनले प्रमाणित गरेको छ ।

सरकारी विद्यालयमा अध्ययन गर्ने र निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको निवेदन लेखनक्षमताको तुलनात्मक अध्ययन गर्न पनि उपर्युक्त तालिकामा झैं पाँच श्रेणीमा निर्धारण गरिएको छ, जसलाई सजिलैसँग क्षमता पहिचान गर्न सकियोस् भनेर ६५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने र ६५ प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने गरी दुई समूहमा विभाजन गरिएको छ । यहाँ सरकारी विद्यालयमा अध्ययन गर्ने ६५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने निवेदन लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ३१ प्रतिशत रहेको छ भने ६५ प्रतिशत भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या १९ प्रतिशत रहेको देखिन्छ । यसबाट सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको निवेदन लेखनक्षमतामा एकरुपता छैन । निवेदनलेखनका आधारभूत जानकारी भएका विद्यार्थीको सङ्ख्या जानकारी नभएका विद्यार्थीहरुको तुलनामा १९ प्रतिशत मात्र देखिनुले अत्यन्त न्यून देखिन्छ । त्यसैगरी ६५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने निवेदन लेखनक्षमता भएका निजी विद्यालयका विद्यार्थीहरुको सङ्ख्या १९ प्रतिशत र ६५ प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या ३१ प्रतिशत रहेको छ । यस तथ्याङ्कले निवेदन लेखनक्षमता सामान्य भएका भन्दा

लेखनक्षमता उच्च भएका विद्यार्थीहरुको सङ्ख्या बढी देखिन्छ । ६५ प्रतिशतभन्दा तल अङ्क प्राप्त गर्ने सरकारी विद्यालयका विद्यार्थीहरुको सङ्ख्या ३१ प्रतिशत र निजी विद्यालयका विद्यार्थीहरुको सङ्ख्या १९ प्रतिशत देखिनुले निवेदनलेखन क्षमता निजी विद्यालयका विद्यार्थीहरुको भन्दा सरकारी विद्यालयामा अध्ययन गर्ने विद्यार्थीहरु कमजोर देखिन्छन् । यस तथ्यलाई ६५ प्रतिशतभन्द बढी अङ्क प्राप्त गर्ने सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको सङ्ख्या ६५ प्रतिशतभन्दा तल अङ्क प्राप्त गर्ने निजी विद्यालयका विद्यार्थीहरुको सङ्ख्या समान भएबाट पनि पुष्टि हुन्छ ।

यसरी अन्तमा चिठीलेखन र निवेदनलेखन बीचको तुलनात्मक अध्ययन गर्दा सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुमा ६५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने चिठी लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ३६ प्रतिशत र ६५ प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्नेको सङ्ख्या १४ प्रतिशत देखिन्छ । त्यसरी नै निवेदन लेखनमा ६५ प्रतिशत भन्दा तल ३१ प्रतिशत र ६५ प्रतिशतभन्दा माथि निवेदन लेखनक्षमता भएका विद्यार्थीहरुको सङ्ख्या १६ प्रतिशत देखिनुले सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखनभन्दा निवेदन लेखनक्षमता सन्तोषजनक रहेको देखिन्छ । त्यस्तै निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको चिठी लेखनक्षमतामा ६५ प्रतिशतभन्दा तल २६ प्रतिशत, ६५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने सङ्ख्या २५ प्रतिशत देखिन्छ । निवेदन लेखनमा ६५ प्रतिशतभन्दा तल १९ प्रतिशत र ६५ प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या ३१ प्रतिशत देखिनुले निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको चिठी तथा निवेदनलेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा चिठीभन्दा निवेदनलेखनमा विद्यार्थीहरु सक्षम रहेको प्रस्ट हुन्छ । यसो हुनुमा विद्यालयहरुमा चिठीभन्दा निवेदनलेखनको अभ्यास बढी गराइएको पुष्टि हुन्छ ।

६.१.२ नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरुको चिठी तथा निवेदन लेखनक्षमताको तुलना

तलिका नं. १६

| कुल विद्यार्थी सङ्ख्या | प्रतिशताङ्क स्थिति | सङ्ख्या | | | | प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | चिठी | | निवेदन | | चिठी | | निवेदन | |
| | | मातृ भाषी | दोस्रो भाषी | मातृ | दोस्रो भाषी | मातृ भाषी | दोस्रो भाषी | मातृ भाषी | दोस्रो भाषी |
| चिठी (मातृ+दोस्रो भाषी (५०+५०) = १०० निवेदन (मातृ+दोस्रो भाषी) (५०+५०) = १०० | ३५ प्रतिशत भन्दा तल अङ्क ल्याउने | ३ | ७ | ४ | ७ | ६ | १४ | ८ | १४ |
| | ३५ प्रतिशत भन्दा माथि ५० प्रतिशत भन्दा तल अङ्क ल्याउने | १० | १४ | ५ | ७ | २० | २८ | १० | १४ |
| | ५० प्रतिशत भन्दा माथि ६५ प्रतिशत भन्दा तल अङ्क ल्याउने | १३ | १६ | १३ | १४ | २६ | ३२ | २६ | २८ |
| | ६५ प्रतिशत भन्दा माथि ८० प्रतिशत भन्दा तल ल्याउने | १९ | ११ | २० | १४ | ३८ | २२ | ४० | २८ |
| | ८० प्रतिशत भन्दा माथि अङ्क ल्याउने | ५ | २ | ८ | ८ | १० | ४ | १६ | १६ |
| | जम्मा | ५० | ५० | ५० | ५० | १०० | १०० | १०० | १०० |
| | मध्यमान | १० | १० | १० | १० | ( | ( | ( | ( |
| | मानक विचलन | ६.४० | ५.६१ | ६.५९ | ३.६७ | ( | ( | ( | ( |
| | गुणाङ्क विचलन ९ऋयााष्भअभलत खबचष्बलअभ० | ०.६४ | ०.५६ | ०.६६ | ०.३७ | ( | ( | ( | ( |

नेपाली मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरुको चिठी तथा निवेदन दबैको तुलनात्मक अध्ययन गर्दा चिठीलेखनमा मातृभाषीतर्फको मध्यमान १० , मानक विचलन ६.४० र गुणात्मक विचलन ०.६४ देखिन्छ भने चिठीलेखनकै दोस्रो भाषीतर्फ मध्यमान १०, मानक विचलन ५.६१ र गुणाङ्क विचलन ०.५६ देखिनुले दोस्रोभाषी विद्यार्थीहरुको चिठीलेखन क्षमता मातृभाषी विद्यार्थीहरुको त्यति विचलित र कमजोर देखिन्न । यसबाट नेपाली दोस्रोभाषी विद्यार्थीहरुभन्दा नेपाली मातृभाषी नेपालीहरुको भाषाको लेखाइ अभिव्यक्ति क्षमतामा सक्षम हुन्छन् भन्ने मान्यतालाई पुनःसोच्नुपर्ने बनाएको छ ।

निवेदनलेखनमा पनि मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरुका वीच तुलना गर्दा मातृभाषी विद्यार्थीहरुको मध्यमान १०, मानक विचलन ६.५९ गुणाङ्क विचलन ०.६६ र दोस्रोभाषी विद्यार्थीहरुको मध्यमान १० , मानक विचलन ३.६७ र गूणाङ्क विचलन ०.३७ देखिनुले मातृभाषी विद्यार्थीहरुको निवेदनलेखन क्षमताअन्तर्गत दोस्रोभाषी

विद्यार्थीहरुको निवेदनलेखन क्षमता हेर्दा मध्यमान समान र मानक विचलन र गुणाङ्क विचलनमा सामान्य विचलन पाइनुले नै देखिन्छ ।

यसरी दुबै चिठी र निवेदन लेखनकोबीच तुलनात्मक अध्ययन गर्दा मातृभाषी हुन् वा दोस्रोभाषी विद्यार्थीहरु हुन् उनीहरुको लेखनक्षमता चिठीलेखनभन्दा निवेदनलेखनमा उच्च पाइन्छ ।

**६.१.३ छात्र तथा छात्राहरुको चिठी तथा निवेदनलेखन क्षमताको तुलना**

तालिका नं. १७

| कुल छात्र छात्रा सङ्ख्या | प्रतिशताङ्क स्थिति | सङ्ख्या | | | | प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | चिठी | | निवेदन | | चिठी | | निवेदन | |
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| चिठी ( छात्र+छात्रा) ( ५०+५०) = १०० निवेदन ( छात्र+छात्रा) ( ५०+५०) = १०० | ३५ प्रतिशत भन्दा तल अङ्क ल्याउने | ५ | ५ | ६ | ५ | १० | १० | १२ | १० |
| | ३५ प्रतिशत भन्दा माथि ५० प्रतिशत भन्दा तल अङ्क ल्याउने | १० | १३ | ५ | ७ | २० | २६ | १० | १४ |
| | ५० प्रतिशत भन्दा माथि ६५ प्रतिशत भन्दा तल अङ्क ल्याउने | १३ | १६ | १४ | १३ | २६ | ३२ | २८ | २६ |
| | ६५ प्रतिशत भन्दा माथि ८० प्रतिशत भन्दा तल ल्याउने | १९ | १२ | १५ | १९ | ३८ | २४ | ३० | ३८ |
| | ८० प्रतिशत भन्दा माथि अङ्क ल्याउने | ३ | ४ | १० | ६ | ६ | ८ | २० | १२ |
| | जम्मा | ५० | ५० | ५० | ५० | १०० | १०० | १०० | १०० |
| | मध्यमान | १० | १० | १० | १० | | | | |
| | मानक विचलन | ६.४० | ५.२४ | ४.५३ | ५.९२ | | | | |
| | गुणाङ्क विचलन ९ऋयाभ्अभलत खबचष्बलअभ० | ०.६४ | ०.५२ | ०.४५ | ०.५९ | | | | |

छात्र तथा छात्राहरुको चिठी तथा निवेदन लेखनक्षमताको तुलनात्मक अध्ययन गर्दा चिठीलेखनमा छात्रहरुको तथ्याङ्कमा मध्यमान १० , मानक विचलन ६.४० , गूणाङ्क विचलन ०.६४ देखिन्छ भने छात्रातर्फ मध्यमान १० , मानक विचलन ५.२४ र गूणाङ्क विचलन ०.५२ देखिनुले छात्रहरुको भन्दा छात्राहरुको चिठीलेखन क्षमता स्थिर तथा उच्च रहेको छ भन्न सकिन्छ । यसको अर्थ छात्रा समूहभन्दा छात्र समूहका विद्यार्थीहरु केही बढी विचलित भएको पाइन्छ । यसरी लैङ्गिक आधारमा छात्र र छात्राको चिठीलेखन क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना सत्य सावित छ ।

निवेदनलेखन क्षमतामा छात्र तथा छात्राहरुको तुलनात्मक अध्ययन गर्दा छात्रहरुको तथ्याङ्कमा मध्यमान १० , मानक विचलन ४.५३ गूणाङ्क विचलन ०.४५ देखिन्छ भने छात्राहरुतर्फ मध्यमान १० , मानक विचलन ५.९२ र गूणाङ्क विचलन ०.५९ देखिनुले छात्राहरुको भन्दा छात्रहरुको निवेदनलेखन स्थिर तथा केही उच्च रहेको पाइन्छ । यसबाट छात्रभन्दा छात्रा समूहका विद्यार्थीहरु केही बढी विचलित भएको पाइन्छ ।

यसरी चिठीमा छात्रभन्दा छात्राको लेखन क्षमता राम्रो देखिन्छ भने निवेदनलेखनमा छात्राको भन्दा छात्रको लेखन क्षमता राम्रो देखिनाले विषयगत भिन्नताले पनि छात्र तथा छात्राको लेखन क्षमता भिन्नता ल्याउँदोरहेछ भन्ने नयाँ कुरा यस अध्ययनले प्रमाणित गरेको छ ।

# अध्याय सात

## निष्कर्ष तथा सुझाव

### ७.१. निष्कर्ष

### ७.२. सुझाव

यस अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्नानुसार सुझावहरु दिइएको छ ।

१. लेखाई सीप विकासका लागि चिठी तथा निवेदन लेखन कार्यकलाप महत्वपूर्ण भएको हुदाँ कक्षा शिक्षणमा चिठी तथा निवेदनलेखनसम्बन्धी क्रियाकलापलाई अझ बढी प्राथमिकता दिइनुपर्छ,

२. लेखन सीप अभिवृद्धिसम्बन्धी पर्याप्तता, उपयुक्तता र उपयोगिताको अध्ययन-अनुसन्धान गरेर मात्र पाठ्यपुस्तक निर्माणका लागि पाठ्यपुस्त छनोट गरिनु पर्दछ,

३. विद्यालय तहमा नेपाली भाषापाठ्यक्रम निर्माणका लागि पाठ्यवस्तु छनोट गरिनुपर्दछ,

४. पाठ्यवस्तुको चयन गर्दा क्षेत्र, लिङ्ग, स्थानीयता, भाषिक, पृष्ठभूमि, उमेर समूहजस्ता पक्षहरुलाई ध्यानमा राखी पाठ्यवस्तुको छनोट र स्तरण गर्ने प्रयास हुनुपर्छ,

५. माध्यमिक तह नेपाली भाषा विषयको प्रश्न-पत्रमा चिठी र निवेदन दुबैको लेखनसम्बन्धी प्रश्नलाई अनिवार्य गरिनु पर्दछ,

६. निजी विद्यालयमा अङ्ग्रेजी भाषालाई झैं नेपाली भाषाको शिक्षणमा पनि यसरी नै प्राथमिकता दिने परिपाटीको विकास गर्नुपर्छ,

७ परम्परागत शिक्षा प्रणालीझैं सीमित विषय घोक्न लगाइ घोकेकै विषयवस्तुमा सीमित गराउने शिक्षण पद्दतिलाई निजी विद्यालयहरुले बन्द गर्नुपर्छ,

८ सरकारी विद्यालयमा लेखनक्षमता अभिवृद्धि गर्न विद्यार्थीहरुमा लेख्ने बानीको विकास गर्दै लैजानुपर्छ,

९. बेला बेलामा लेखन सीप विकासको लागि विषय शिक्षकहरुले चिठी र निवेदन लेख्न लगाई कक्षागत परीक्षा गरिनु उपयुक्त हुन्छ,

१०. चिठीलेखन क्रियाकलापलाई गृहकार्यको रुपमा मात्र नदिइ कक्षा कार्यकलापमा पनि जोड दिनुपर्छ,

११ छात्राहरुको चिठी लेखनकला केही कमजोरी देखिएको हुँदा छात्राहरुलाई चिठी लेख्न प्रेरित गर्दै उनीहरुका कमजोरी पत्ता लगाई निराकरणका लागि विषय शिक्षक र विद्यालयले संयुक्त रुपमा स्तर उन्नतिका लागि प्रयास गर्न सक्नुपर्छ,

१२. आवश्यकतानुसार अरु पनि सान्दर्भिक पुस्तक थप गरी अध्ययन-अध्यापन गराउँदा विद्यार्थीहरुको चिठी तथा निवेदनलेखनको प्रभावकारीता बढाउन सकिन्छ,

१३ चिठीलेखनमा विद्यार्थीलाई भाषा शैली, शुद्धता र विषयवस्तुको अग्रिम जानकारी गराई चिठीलेखनको नियम सीमाको सम्बन्धमा विद्यार्थीहरुलाई अग्रिम जानकारी गराउनु सान्दर्भिएक देखिन्छ ।

## ७.३. शैक्षिक प्रयोजन

चिठी लेखन लेखनकलाको महत्वपूर्ण कार्यकलाप हो । लेखनकला लेखन सीपसँग सम्बन्धित छ । यसर्थ यसले चिठी लेखन क्षमतामा भाषिक सीपसँग सोझो सम्बन्ध राख्दछ । यसरी एकआपसमा अन्तरसम्बन्धित भाषिक सीपहरुलाई अलग्याएर शिक्षण गर्न सकिदैन । कुनै पनि कुराको बोध सुनाइ र पढाइबाट हुन्छ भने अभिव्यक्ति बोलाइ र लेखाइबाट हुन्छ । यसरी ज्ञानको आदान (सुनाइ र पढाइ), प्रदान (बोलाइ र

लेखाइ) भाषिक सीपहरुबाट हुने हुनाले अध्ययनका लागि निम्नलिखित शैक्षिकप्रयोजन निर्धारण गर्ने प्रयत्न गरिएको छ :

१. यस अध्ययनले विद्यालय तहमा लेखन सीपसम्बन्धी भाषापाठ्यक्रम परिष्कार तथा परिमार्जन गर्न सहयोग मिल्दछ,

२. भाषाका चारै सीपका उद्देश्य पूरा हुने गरी विद्यालयगत छनोट तथा विद्यागत क्षेत्र निर्धारण गर्न प्रस्तुत अध्ययन सहयोग सिद्ध हुने देखिन्छ,

३. यस अध्ययनबाट भाषिक सीपका दृष्टिले पाठ्यपुस्तकको कठिनाइ स्तर र पठनियताको अनुमान गर्न सहयोग पुग्ने देखिन्छ,

४. चिठी तथा निवेदन लेखन सम्बन्धित अन्य अध्ययन-अनुसन्धान अध्ययनका लागि पनि यो अध्ययन आधार बन्ने देखिन्छ,

५. यस अध्ययनले विद्यार्थीहरुको लेखन क्षमताको मूल्याङ्कन गरी कक्षा शिक्षणमा मद्दत पुऱ्याउनेछ,

६. भाषा शिक्षण विधिमा थप अनुसन्धान गर्ने आधार यस अध्ययनले दिनेछ,

७. विषय शिक्षकले विद्यालय तहमा नेपाली भाषा शिक्षण गर्दा अपनाउनुपर्ने भाषिक सचेतका बारेमा यस अध्ययने प्रष्ट पारेको छ,

८. विगत र वर्तमानका अनुसन्धानहरुको जानकारी दिदै लेखन क्षमतासम्बन्धी अनुसन्धानको उपदेयता प्रस्तुत अध्ययनले प्रष्ट पारिदिनेछ,

९. विद्यालय तहमा चिठी तथा निवेदन लेखन शिक्षणको महत्वका बारेमा प्रस्तुत अध्ययनबाट स्पष्ट गरिएको छ,

१०. विद्यार्थीहरुको चिठी तथा निवेदन लेखनक्षमता जस्तै भाषिक सीपसँग सम्बन्धित अन्य नयाँ अनुसन्धान गर्न प्रस्तुत अध्ययनले भावी अध्यतालाई प्रेरित गर्ने देखिन्छ ।

## ७.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरु

१) कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यास र कक्षा शिक्षणमा तिनको उपयोग : एक अध्ययन,

२) कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्धलेखन क्षमताको एक अध्ययन,

३) कक्षा ६ पास गरेका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,

४) कक्षा सातमा अध्ययनरत निजी र सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पढ्नबोध क्ष्माताको अध्ययन ।

५) माध्यमिक तहमा प्रयुक्त नेपाली भाषाका गद्य र पद्य कविताको तुलनात्मक अध्ययन ।

## सन्दर्भसूची

अधिकारी, हेमाङ्गराज (२०६३), **नेपाली भाषा शिक्षण**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

.................(दो.सं.२०५५), **समसामयिक नेपाली व्याकरण,** काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

................. (चौ.सं.२०५९) **भाषाशिषणः केही परिप्रेक्ष्य तथा पद्धति,** काठमाडौँः विद्यार्थी पुस्तक भण्डार

................. (२०५९), **सामाजिक र प्रायोगिक भाषा विज्ञान**, काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार ।

................. र केदारप्रसाद शर्मा (चौंसं. २०६१), **प्रारम्भिक नेपाली शिक्षण,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

.................र बद्रीविशाल भट्टराई (सम्पा. २०६१), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (दो.सं. २०६२), **शैक्षिक अनुसन्धान पद्दति**, काठमाडौँः स्टुडेन्ट्स बुक्स पब्लिसर्स ।

गौतम, रामप्रसाद (प्र.सं. २०६१), **भाषिक अनुसन्धान विधि**, काठमाडौँः दीक्षान्त पुस्तक भण्डार ।

ज.व.रा., स्वयंप्रकाश र अन्य (प्र.सं. २०५८), **शिक्षामा मापन तथा मूल्याङ्कन,** काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६३), **परिचयात्मक नेपाली भाषा शिक्षण,** काठमाडौँः एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६३), **नेपाली भााषा शिक्षण**, काठमाडौँः एम. के. पब्लिसर्स एन्ड डिस्टिब्युटर्स ।

दाहाल बल्लभमणि र अन्य (सं.२०४३), **अनिवार्य नेपाली शिक्षण-निर्देशन**, काठमाडौँः पा.वि.के., त्रि.वि. ।

निरौला, दिपकबाबु (२०६२), **कक्षा नौ पूरा गरेका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुरः नेपाली भाषा शिक्षा केन्द्रीय विभाग ।

पाठ्यक्रम विकास केन्द्र (२०४९), **प्राथमिक पाठ्यक्रम**, सानोठिमीः पा.वि.के. ।

पाठ्यक्रम विकास केन्द्र (२०५०), **निम्न माध्यमिक नेपाली पाठ्क्रम** (दो.सं. २०५७) सानोठिमीः पा.वि.के. ।

पाठ्यक्रम विकास केन्द्र (२०५५), **माध्यमिक नेपाली पाठ्क्रम** (दो.सं. २०५७) सानोठिमीः पा.वि.के. ।

पाठ्यक्रम विकास केन्द्र (२०६१), **निम्न माध्यमिक तहको विशिष्टीकरण तालिका**, सानोठिमीः पा.वि.के. ।

पाठ्यक्रम विकास केन्द्र (२०६१), **माध्यमिक विशिष्टीकरण तहको तालिका**, सानोठिमीः पा.वि.के. ।

पाठ्यक्रम विकास केन्द्र (पुनमुद्रण २०६३), **हाम्रो नेपाली किताब कक्षा ७ पाठ्यपुस्तक** सानोठिमीः पा.वि.के. ।

पाठ्यक्रम विकास केन्द्र (पुर्नमुद्रण २०६३), **हाम्रो नेपाली किताब कक्षा ६ पाठ्यपुस्तक,** सानोठिमीः पा.वि.के. ।

पोखरेल, बालकृष्ण र अन्य (पाँचौ सं २०६०), **बृहत नेपाली शब्दकोश,** काठमाडौँः ने.रा.प्र.प.।

बन्धु, चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन**, काठमाडौँः रत्नपुस्तक भण्डार ।

भण्डारी पारसमणि (२०५३), **स्नातकोत्तर नेपाली शोध विवरण,** कीर्तिपुरः न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

लम्साल, रामचन्द्र ( दो.सं.२०५७), **कोशविज्ञान र नेपाली कोश**, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

..................र अन्य (प्र.सं. २०६२), **नेपाली भाषा शिक्षण**, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार प्रसाद र माधवप्रसाद पौडेल (प्र.सं. २०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौँः न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

## पत्रिकाहरु

सम्प्रेषण पहिलो (२०६१) नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

सम्प्रेषण दोस्रो (२०६२) नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

सम्प्रेषण तेस्रो (२०६३) नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।